**बचत गरौं, उद्यमशील बनौं**
- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं,
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपत्कालीन तथा ठूला खर्चहरू टार्न,
- व्यापार–व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मदत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक १३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 29 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६७

## वनको वृक्षारोपण मासेर पर्सामा गाँजाखेती

बलिराम शुक्ला, बिरुवागुठी, १२ कात्तिक/

डिभिजन वन कार्यालय, पर्साले सखुवाप्रसौनी गाउँपालिका–१ सखुनिया शान्तिटोल क्षेत्रको राष्ट्रिय वनमा लगाइएको पाँच बिघाभन्दा बढी गाँजाखेती सोमवार नष्ट गरेको छ।



डिभिजन वन कार्यालय, पर्साका प्रमुख वन अधिकृत मन्जुर अहमदको नेतृत्वमा सुरक्षाकर्मी, विन्ध्यवासिनी कोइलाभार साझेदारी वनलगायत सम्मिलित टोलीले आज पाँच बिघा जगगामा लगाइएको करीब डेढ लाख गाँजाको बोट नष्ट गरिएको डिभिजन वन कार्यालय, पर्साका प्रमुख अहमदले बताए।

आज नष्ट गरिएको गाँजाखेती गरिएको वन क्षेत्रमा डिभिजन वन कार्यालयले अतिक्रमण हटाएर तारबारसहित ४० हेक्टर वन क्षेत्रमा वृक्षारोपण गरेको थियो। सोही क्षेत्रमा बिरुवाहरू मासेर गाँजाखेती गरिएको पाइएको छ।



डिभिजन वन कार्यालयले लगाएका बोटहरू त्यहाँ देखिएन तर ठूलो परिमाणमा गाँजाखेती गरिएको थियो। प्रमुख अहमदले आजदेखि सो क्षेत्रमा लगाइएको गाँजाविरुद्धको अभियान शुरू गरिएको बताए। उनले गाँजाखेती गर्ने व्यक्तिको पहिचान नखुलेको र खोजी जारी रहेको बताए।

विन्ध्यवासिनी कोइलाभार साझेदारी वनसँग सहकार्य गरेर गाँजाखेती गर्नेविरुद्ध कारबाई प्रक्रिया अगाडि बढाउने उनले बताए। साझेदारी वनका अध्यक्ष रिजवानुल हकले वन क्षेत्रभित्र वृक्षारोपण मासेर गाँजाखेती गर्नेविरुद्ध हदैसम्मको कारबाई हुने बताए। गाँजाखेती गरिएको क्षेत्र अन्तर्गत सशस्त्र प्रहरी बल बागेश्वरी, इलाका प्रहरी कार्यालय, एकटाँगा, प्रहरी चौकी, सबडिभिजन वन कार्यालय बडनिहार र सो अन्तर्गतका वन कार्यालयहरू रहेका छन्।

गाँजाखेतीलाई सरकारीस्तरमा वैधानिकता दिने बहस चलिरहेकामा यस वर्ष पर्सामा व्यापकरूपमा गाँजाखेती भएको र यही अवसरको फाइदा उठाएर वन क्षेत्रमा पनि गाँजाखेती गरिएको अनुमान गरिन्छ।

## फेरि गाँजाखेती मौलायो




नरेश यादव, वीरगंज, १२ कात्तिक/

पर्सा जिल्लामा गाँजाखेती फेरि मौलाएको छ। एक दशकभन्दा बढी समयदेखि जिल्लामा गाँजाखेती हुन छाडेको थियो।

छिटफुटरूपमा गाँजाखेती हुँदै आए पनि यसपटक एक दशकपछि सबैभन्दा बढी गाँजाखेती भएको पाइएको छ।

ठोरी, जीराभवानी, सखुवाप्रसौनी गाउँपालिकालगायतका क्षेत्रमा बढी गाँजाखेती भएको र प्रहरीले फँडानी गर्दै आएको छ। प्रहरीले गत महीनादेखि गाँजाखेतीविरुद्ध अभियान सञ्चालन गरेको र यस क्रममा सयौं बिघा गाँजाखेती नष्ट गरेको छ।

### गाँजासहित युवक पक्राउ

प्रस, वीरगंज, १२ कात्तिक/

जनकपुर प्रहरीले २२१ किलो गाँजासहित २४ वर्षीय प्रकाश लुङ्वालाई पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय, मुजैलियाको टोलीले जनकपुरधाम उपमहानगरपालिका–१४ मा चेकजाँच गर्ने क्रममा ना.५ख १७७ नम्बरको मिनीट्रकमा लुकाएर राखिएको अवस्थामा १६ पोका गाँजा बरामद भएको र तौल गर्दा २२१ किलो भएको जिप्रका, धनुषाले जनाएको छ।

मिनी ट्रकमा फल्स बटम बनाएर गाँजा राखिएको थियो।

## जाडो शुरू भएसँगै माझीहरूको खोजी तीव्र

नरेश यादव, पर्सागढी, १२ कात्तिक/

जाडोयाम शुरू भएसँगै माछाको मूल्य र माग बढेको छ। छठपछि माछाको र समय दिने गरेको बताए। उनले जाडोयाममा आठदेखि १२ प्रतिशतसम्म पोखरीको माछा मार्ने सम्झौता हुने गरेको



माग तीव्र हुने पर्सागढी नगरपालिकाका माछापालक फूलमहम्मद मियाँले बताए।

अहिले पोखरीमा माछाको मूल्य प्रतिकिलो १६०–२५० सम्म छ भने छठपछि माछाको मूल्य दोब्बरी हुने अनुमान गरिएको छ। जाडोयाममा तौल अनुसार प्रतिकिलो रु ३०० देखि ६०० सम्ममा माछा बिक्री हुने गर्छ। गर्मीयाममा भने माछाको मूल्य घट्छ। अहिले जाडोयाम शुरू भएसँगै माछा मार्ने माझीहरूको खोजीकार्य शुरू भएको र माछा मार्ने समय निर्धारण गरिन्छ।

स्थानीय मलहा अजय सहनीले जाडोयाममा सानो पोखरीको माछा मार्ने ठेक्का नलिने गरेको तर ठूलो पोखरीको ठेक्का सकार गर्ने गरेको बताए। जाडोयाममा दिन सानो हुने र दैनिक एकदेखि दुईवटा पोखरीको मात्र माछा मार्न सक्ने हुँदा सोही अनुसारको मिति बताए। आम्दानीको आठदेखि १२ प्रतिशतसम्म माझीहरूले लिने र बाँकी साहुले बुझ्ने गर्छ।

पर्सा र बाराका माझीहरू अहिले पोखरीको ठेक्का लिने काममा व्यस्त छन्। मधेसमा अहिले माछाको माग कम छ तर छठ तथा कात्तिक स्नानपति माछामासु खान शुरू भएपछि माछाको माग अत्यधिक हुने गर्छ। जाडोयाममा माछाको माग बढी हुने हुँदा सोही अनुसारको तयारी भइरहेको माझी सहनी बताउँछन्।

पर्सा जिल्लामा ५७१.०६ हेक्टर क्षेत्रफलमा जलाशय छ, यसमध्ये वार्षिक ४२९.२९ हेक्टर क्षेत्रफलमा माछापालन हुँदै आएको कृषि ज्ञान केन्द्र, पर्साले जनाएको छ। सो क्षेत्रफलमा गरिने माछापालनबाट वार्षिक ३१४४.३५ मेट्रिकटन माछा उत्पादन हुने गरेको सो कार्यालयले जनाएको छ।

## वीरगंजको घण्टाघरमा माटोका भाँडाकुँडाको बजार

प्रस, परवानीपुर, १२ कात्तिक/

दीपावली तथा छठ पर्व नजीकिँदै जाँदा वीरगंजको बिपी उद्यानको पूर्वी पर्खाल छेउमा माटाका भाँडाकुँडाको बिक्री वितरण शुरू भएको छ। पर्सा जिल्लाका करीब दुई दर्जन कुम्हाल समुदायका व्यापारीले ग्रामीण भेगबाट ठूलो परिमाणमा माटाका दियो, ढकना, कलश, चौमुख, हात्तीलगायत सामग्री ल्याइ बिक्री वितरण गरिरहेका छन्।

कृत्रिम झालरबत्ती सर्वसाधारणले बढी प्रयोग गरेपछि विगतभन्दा माटाका दियोको माग कम हुँदै गएपछि आफूहरूको पेशा पनि धरापमा परेको पकाहामैनपुर गाउँपालिका–२ सुर्जाहाका भागीरथ पडितले बताए।

बजारभाउ पोहोर जस्तै रहे तापनि कारोबार घट्दै गएको उनले बताए। अहिले रु १२०–१३० सयकडा दियो, ढकना रु ४०, कलश रु ६०–८०, चौमुख रु १०, हात्ती रु २४०–६००, धूपदानी रु ४० मूल्यमा बिक्री भइरहेको सोही स्थानका



अर्का व्यापारी हरिनारायण पडित बताउँछन्। दीपावलीमा झालरबत्तीको माग बढी भएको हुँदा बर्सेनि माटाका दियोको प्रयोग घट्दैछ तर छठपूजामा भने माटोबाट बनेका सामग्रीको विकल्प नहुँदा माटाका भाँडाहरू केही बिक्री हुने गरेको कुम्हालहरू बताउँछन्। दीपावलीभन्दा पनि छठमा माटाका सामग्री केही बढी बिक्री हुने हुँदा केही आम्दानी हुने गरेको उनीहरू बताउँछन्।

माटोबाट बनेका ढकना, दियो, हात्ती, घैला, कलश छठमा बढी बिक्री हुने गर्छन्।

कुम्हालेहरूले बिपी उद्यानको फूटपाथमा अहिलेदेखि दीपावली तथा छठ पर्वसम्म माटाका सामग्रीहरू बिक्री गर्छन्।

## जीतपुर बजारमा फूटपाथमा बजार लगाउन अनुमति



प्रस, पर्सागढी, १२ कात्तिक/

जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुर बजारको फूटपाथमा वडापालिकाको पहलमा १० दिनका लागि पसल सञ्चालन गर्न अनुमति दिइएको छ।

कात्तिक १० गते शनिवार उमनपाले सो क्षेत्रबाट फूटपाथ पसललाई हटाएको थियो। दीपावली तथा छठ पर्वलाई लक्षित गरेर बजार क्षेत्रका फूटपाथमा पसल राखिएको र ती पसलले बटुवाहरूलाई आउजाउमा समस्या भएको भन्दै उपमनपाले फूटपाथका पसल हटाएको थियो। तर वडाध्यक्ष सुनीलकुमार गुप्ता र जीतपुर उद्योग वाणिज्य सङ्घका महासचिव प्रकाश गिरीको पहलमा १० दिनका लागि पसल सञ्चालन गर्न अनुमति दिएपछि कात्तिक ११ गतेदेखि फूटपाथमा पसल सञ्चालन भएको छ।

## सरसफाइ सम्झौताविरुद्ध अन्तरिम आदेश

प्रस, वीरगंज, १२ कात्तिक/

वीरगंज महानगरपालिका र एनके इन्टरनेशनल कन्स्ट्रक्शन प्रालिबीच भएको सार्वजनिक–निजी साझेदारी कार्यक्रम अन्तर्गत सरसफाइको लागि भएको सम्झौताविरुद्ध उच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ।

महानगर र कन्स्ट्रक्शन कम्पनीबीच सरसफाइसम्बन्धी सम्झौता भएको र सोविपरीत असोज १५ गते रामचन्द्रप्रसाद कानूले उच्च अदालतलमा रीट निवेदन दर्ता गराएका थिए। सो रीट सम्बन्धमा उच्चले अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। तर आज सो सम्बन्धमा उच्च अदालतका न्यायाधीशद्वय निर्मला शाक्य र भरत लम्सालको इजलासले अन्तरिम आदेश खारेज गरेको

(बाँकी अन्तिम पातामा)

## पर्साका प्रजिअ भुसालको बिदाइ

प्रस, परवानीपुर, १२ कात्तिक/

पर्सा जिल्लाबाट सरुवा भएका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाललाई सोमवार बिदाइ गरिएको छ।

जिल्ला प्रशासन कार्यालय र कर्मचारी मिलन केन्द्र, पर्साले सोमवार जिल्ला प्रशासन कार्यालयमा कार्यक्रम आयोजना गरी प्रजिअ भुसालको बिदाइ गरेका छन्। केही समय अघि प्रजिअ भुसालको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयमा सरुवा भएपछि बिदाइ कार्यक्रम गरिएको हो।



बिदाइ भएका प्रजिअ भुसालले आफ्नो १० महीने पर्सा बसाइको क्रममा धेरै कुरा सिक्न पाएको बताए। "पर्सा जिल्लाबाट मैले एउटा विश्वविद्यालयमा अध्ययन गरेजस्तै अनुभव हासिल गर्न

(बाँकी पाँचौं पातामा)

### विचारसार र सुक्तिहरू

जीवन हारमोनियमजस्तै हो । हारमोनियमको सेतो पटरी सुख र कालो पटरी दुःख हो । दुवैलाई मिलाएर बजायो भने सुर राम्रो निस्कन्छ । त्यसैगरी, सुख र दुःखको समन्वय भएन भने जीवन पनि उद्देश्यपूर्ण बन्न सक्दैन ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# विज्ञानको सही प्रयोग गरौं

**विज्ञान र प्रविधिको विकासले मानवजीवनका हरेक क्षेत्रमा क्रान्ति ल्याएको छ । यो क्रम तीव्र गतिमा छ । आजभन्दा चार वर्ष पहिले कोरोना महामारीको बेला मुलुकको प्रधानमन्त्री केपी ओली नै थिए । त्यति बेला कोरोनाका कारण उनले सातवटै प्रदेशका मुख्मन्त्रीहरूसँग जूम बैठक गरे । जूम बैठकको कुरा मुलुकमा नौलो प्रयोग थियो । के के न भएजस्तो सो बैठकलाई लिएर पक्ष, विपक्षमा खूबै तर्क–वितर्कहरू चले । समय धेरै टाढा गएको छैन । आज जूम बैठक त बच्चाबच्चीले खेल्ने खेल भइसक्यो । विज्ञान प्रविधि अहिले एआईको स्वरूपमा केन्द्रित छ । एआईको विकाससँगै यसका सकारात्मक र नकारात्मक पक्ष पनि छन् । एआईले मानवजीवनलाई सहज, छिटो र लाभदायक बनाउने कार्यलाई सशक्त बनाएको छ । कतिपयले यसलाई मानव सभ्यताकै अर्को ठूलो प्रगति मान्छन् भने कतिपयले यसको सान्दर्भिकता र दीर्घकालीन प्रभावप्रति चिन्ता जाहेर गरेका छन् ।**

**एआईले विभिन्न कार्यहरूलाई छिटो र सहज बनाउनु सकारात्मक पक्ष हो । स्वास्थ्य, शिक्षा, उद्योग, यातायात लगायतका क्षेत्रमा यसको व्यापक प्रयोगले मानवको दैनिकीमा एक नयाँ अध्याय थपेको छ । उदाहरणका लागि, स्वास्थ्य क्षेत्रमा एआईको प्रयोगले रोगको पहिचान, उपचार र अनुगमनलाई तीव्रता दिएको छ । चिकित्सकीय दक्षता एवं सेवा अभावले समयमा रोग पहिचान नभएका र उपचार नपाएका बिरामीहरूलाई पनि एआईले अनलाइन सेवामार्फत सुविधा दिन थालेका् छ । यसले सेवाग्राहीको समय, धन र ज्यान बच्ने गरेको छ । त्यसैगरी, शिक्षामा एआईले व्यक्तिगत अध्ययन योजना निर्माणमा ठूलो योगदान पुऱ्याइरहेको छ । विभिन्न अनलाइन प्लेटफर्महरूले विद्यार्थीहरूको क्षमता, रुचि र आवश्यकता अनुसार सामग्रीको सुझाव दिन सक्ने क्षमताले शिक्षामा ठूलो परिवर्तन ल्याएको छ । यसले दूरदराजका विद्यार्थीहरू पनि गुणस्तरीय शिक्षामा पहुँच राख्न सक्षम भएका छन् । व्यवसायमा पनि एआईको प्रयोगले उत्पादनशक्ति बढाउनमा ठूलो सहयोग छ । उत्पादन कार्यमा यान्त्रिकताको प्रयोगले कामदारहरूको बोझ घटाएर कार्यसम्पादनमा गति थपेको छ । यस्तै, वित्तीय क्षेत्रमा एआई प्रविधिले जोखिम व्यवस्थापन र ग्राहक सेवा क्षेत्रलाई सुधार गरेको छ ।**

**सहज तथा सकारात्मकसँगै एआईले केही गम्भीर चुनौतीहरू पनि निम्त्याएका छन् । अत्याधुनिक एआईले मेशीनलाई मानवीय क्षमताभन्दा कुशल बनाउँदै जाँदा मानव श्रमिकहरू ठूलो सङ्ख्यामा बेरोजगार हुँदैछन् । विशिष्ट सीप नभएका कामदारहरूले रोजगार पाउन नसक्ने स्थिति आउन सक्छ । एआईको अर्को चुनौती भनेको गोपनीयता र डेटा सुरक्षाको हो । एआईले काम गर्न ठूलो परिमाणमा डेटा सङ्कलन गर्छ, जसमा प्रयोगकर्ताको व्यक्तिगत जानकारी पनि समावेश हुन्छ । संवेदनशील जानकारीहरू दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । आफ्नो लाभको लागि प्रयोगकर्ताको डेटा अनधिकृतरूपमा अरूले प्रयोग गर्न सक्छन् । जसले व्यक्तिको व्यक्तिगत जीवनलाई जोखिममा पार्न सक्छ । कुनै समस्यामा एआईले आफ्नो प्रणाली अनुसार स्वतः निर्णय लिने हुँदा त्यस्तो निर्णय सामाजिक वा नैतिकरूपमा सान्दर्भिक नहुन पनि सक्छ । मेशिनरी निर्णयले मानवीय संवेदनाका परिधि टुट्न पनि सक्छ । यसर्थ विज्ञान प्रविधिलाई कतिसम्म प्रयोग गर्ने र कसरी नियन्त्रणमा राख्ने भन्नेमा मानव समाज स्पष्ट हुनुपर्छ । मानवीय संवेदनाविनाको विज्ञानलाई सही प्रयोग गर्न नसके विध्वंश निम्तिन पनि सक्छ ।**

# नोबेल...... हाम्रो अर्थनीति

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**नेपाल विद्युत् प्राधिकरणले विदुरमा २५ मेगावाट क्षमताको एउटा सौर्य ऊर्जा उत्पादन केन्द्र सञ्चालनमा ल्याएको छ । यसको भन्दा तराईका जिल्लामा यस्ता केन्द्रहरूले बढी सफलतापूर्वक काम गर्ने कुरा छिमेकी राष्ट्र भारत र चीनको अनुभवबाट सिद्ध भइसकेको छ ।**

गत अङ्कमा नोबेल पुरस्कार विजेताहरूले केही राष्ट्रहरू गरीब र केही धनी हुनुका कारण मानव सृजित भएको र समावेशी शासन बनाउन नसक्नु एवं प्रजातान्त्रिक सामाजिक संस्थाहरूको मूल्य–मान्यतामा ह्रास आउनु हो भन्नेबारे लेख्दै नेपालको सन्दर्भमा हाम्रो आर्थिक अवस्थाबारे लेखेको थिएँ । त्यसैको निरन्तरतामा कसरी समावेशीकरण र संस्थाहरूको मान्यतामा ह्रास आयो भन्नेबारे लेख्ने प्रयास गरेको छु । समावेशीकरणको नाममा पहिलो संविधानसभाको निर्वाचन मिश्रित प्रणाली अन्तर्गत सम्पन्न भयो । एक पूरा अवधि बैठक बस्दा समेत संविधान बनेन र पुनः दोस्रो निर्वाचन भयो । आम जनताबाट विचार सङ्कलन गरियो तर यो सबै गोदाम घरमा थन्काइयो र सदस्यहरूलाई समेत अँध्यारोमा राखी एकाएक गणतान्त्रिक संविधानको लेखन सम्पन्न भयो र तीन दलको मिलेमतोमा यसको घोषणा पनि भयो । न त संविधानसभाका सदस्य, न आम नेपालीले यसको स्वामित्व ग्रहण गर्न सके जसको फलस्वरूप नेपालले नाकाबन्दी र लामो समयको आन्दोलन बेहोर्नुपऱ्यो । त्यसपछिका दुई निर्वाचनमध्ये पहिलोमा समानुपातिक सांसदको टिकटको खरीद–बिक्री खुलेआम भयो भने दोस्रोमा खरीद–बिक्रीमा नातावाद पनि हाबी भयो । यसरी आम जनताको प्रतिनिधित्व गर्न सक्नेहरूभन्दा बढी आफन्तहरू विधि निर्माता हुन पुगे, जसले संसद् बौद्धिक बहसको थलो बन्नुको सट्टा आआफ्नो दलको नेताको पक्षमा हात उठाउने थलो बन्न पुग्यो । यस प्रक्रियाबाट देशको सार्वभौमसत्ता सम्पन्न संसद्लाई नै पङ्गु बनाइएको भान हुन्छ । सन् १९९० मा जन्मेकाहरू अहिले ३५ र १० वर्ष उमेर भएकाहरू ४५ वर्ष पुगिसक्दा पनि ३४ वर्षको यो अवधिमा उनीहरूले देखेभोगेका माओवादी आन्दोलन, दरबार हत्याकाण्ड, मधेस आन्दोलन, नाकाबन्दी र राजनीतिक अस्थिरता, ठूल्ठूला भ्रष्टाचारकाण्ड, ठूलाबडालाई कानून नलाग्ने घटना र सत्तानजीकको समूहलाई मात्रै फाइदा पुग्नेगरी गरिएका कामहरू मात्रै छन् । त्यसैले आजको युवाले सरकारलाई जनतालाई दिनुपर्ने छिटोछरितो सेवा, रोजगार र आर्थिक विकासको तराजुमा राखेर हेर्ने गरेको पाइन्छ । यी सबै कारणले गर्दा नै सरकार र प्रणालीप्रति उनीहरू निराश बन्दै गएका छन् भन्न सकिन्छ । यसै मौकाको फाइदा उठाएर आज सङ्घीयताविरुद्ध पनि आवाज उठ्न थालेको छ । सङ्घीयता मधेस आन्दोलनको उपज हो र यसको स्थापनापश्चात् नै मधेसलाई नेपालबाट टुक्र्याउने देशी–विदेशी षडयन्त्रको अन्त भएको थियो । मधेसको जनताले भारी मत दिएर आफूलाई नेपाली राजनीतिको मूलधारमा समर्पित गरेको थियो । आज फेरि सङ्घीयतामाथि प्रश्नचिह्न खडा गर्दा यसको पक्षमा उभेको जनताले यसलाई स्वीकार गर्नुको सट्टा प्रतिकारमा खडा भयो भने देश अस्थिरताको दोस्रो भुमरीमा फस्ने खतराबाट देशलाई जोगाउन सङ्घ सरकारले प्रदेश सरकारलाई संविधान अनुसारको हकअधिकारमा सत्तामोह त्यागी प्रहरी एवं निजामती सेवा, शिक्षालगायतका अधिकारहरू प्रदान गर्नुपर्छ । अधिकार नदिई काम गरेन भन्नु वा यसको उपादेयता छैन भन्ने हो भने सरकार मात्र होइन नेपालका राजनीतिक दलहरूले समेत निर्वाचनका बखत गरेका वाचाहरू अधिकारसम्पन्न भएर पनि कति पूरा गरे त्यसको मूल्याङ्कन गरे भने वास्तविकताको बोध भई उनीहरूको आत्मरति समाप्त हुनेछ ।

राष्ट्रिय योजना आयोगले नेपाललाई सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न वार्षिक १८ बिलियन अमेरिकी डलरको आवश्यकता पर्नेछ । जबकि हाम्रो वार्षिक बजेट नै १३ बिलियन अमेरिकी डलरको छ । यस खाडललाई कसरी पुर्नेबारे राष्ट्रिय चिन्तन भएको कतै सुनिंदैन भने जलवायु परिवर्तनमा कुनै भूमिका नभए पनि यसबाट सबैभन्दा बढी प्रभावित २० राष्ट्रमा नेपाल पनि परेको छ । विश्व बैंकको एक अध्ययनले यही अवस्था रहेमा सन् २०५० सम्ममा नेपालको आर्थिक वृद्धिदर २.२ प्रतिशतले घटन सक्ने प्रक्षेपण गरेको छ । कोभिडकालदेखि झरेको हाम्रो आर्थिक वृद्धिदर बल्ल बल्ल ३.९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण भएकोमा यस वर्षको प्राकृतिक प्रकोपले यसमा पुऱ्याउने दुष्प्रभाव एकातिर छ भने बर्सेनि हुने यस्ता घटनाहरूले विश्व बैंकको प्रक्षेपण अनुसार नै पनि प्रभावित गर्ने हो भने पनि हाम्रो आर्थिक वृदिदर औसतमा ४–५.५ प्रतिशतभन्दा माथि जान सक्ने आधार देखिंदैन । किनभने आन्तरिकरूपमा बाढीपहिरो नियन्त्रणमा गर्न हामी सक्षम छैनौं । बर्सेनि बाढीपहिरोबाट हुने जनधनको क्षति एकातिर छ भने बल्लबल्ल बामे सर्न थालेको ऊर्जा क्षेत्रसमेत यसको दुष्प्रभावबाट मुक्त छैन । यसै वर्ष बाढीपहिरोबाट भएको क्षतिले ऊर्जा उत्पादन करीबकरीब १००० मेगावाटले घट्न गएर भारत निर्यात प्रभावित हुँदा धेरै क्षति बेहोर्नुपरेको छ । आउँदा वर्षहरूमा पुनः यस्तो नहोला भनेर ग्यारेन्टी लिन सक्ने अवस्था छैन । तर अझै पनि हाम्रो सोच पहाडमा रहेका नदीहरूमा आयोजना बनाउँदा सडक र ढुवानी एवं परियोजना निर्माण गर्न लाग्ने लागत बेहोर्दै बर्सेनि मरम्मतसम्भार र पुनर्निर्माणतर्फ मात्रै केन्द्रित छौं । तराईका १९ जिल्लामा सडक र पूर्वाधार निर्माणमा धेरै खर्च नलाग्ने र सुविधाजनक ढुवानी गर्न सकिने भएपनि सौर्य ऊर्जा उत्पादनको सोचलाई थाती राखेका छौं । तराई मधेसका जिल्लाहरूमा २५, ५० वा १०० मेगावाटसम्मको सौर्य ऊर्जाबाट विद्युत् उत्पादन केन्द्रमा निर्माण गरिंदा लागत कम हुनुका साथै आपत्कालीन अवस्थामा निर्यात नघट्ने र सामान्य अवस्थामा समेत विद्युत् प्राधिकरण र अन्ततः राष्ट्रलाई नै लाभदायक हुने यस्ता कार्यतर्फ हामी किन सोच्दैनौं बुझिनसक्नु भएको छ । नेपाल विद्युत् प्राधिकरणले विदुरमा २५ मेगावाट क्षमताको एउटा सौर्य ऊर्जा उत्पादन केन्द्र सञ्चालनमा ल्याएको छ । यसको भन्दा तराईका जिल्लामा यस्ता केन्द्रहरूले बढी सफलतापूर्वक काम गर्ने कुरा छिमेकी राष्ट्र भारत र चीनको अनुभवबाट सिद्ध भइसकेको छ ।

समग्रमा मूल्याङ्कन गर्दा हाम्रो सरकार आन्तरिक र बाह्य सम्बन्धको हकमा समेत प्रभावकारी हुन सकेको छेन । बाह्य सम्बन्धको कुरा गर्दा हाम्रो सरकारको प्रधानमन्त्रीलाई सरकार गठनको सय दिन पूरा हुँदासम्म न भारत, न चीनबाट नै भ्रमणको निम्तोसमेत प्राप्त हुन नसकेको समाचारले हाम्रो बाह्य कूटनीतिसमेत प्रभावकारी नभएको पुष्टि हुन्छ । आजैको अवस्थाबाट चल्दा असफलताबाहेक केही हात नपर्ने निश्चित छ भन्न सकिन्छ ।

# प्रजातन्त्रका लागि बन्दुक बोकेकी द्वारिकादेवी

विचार



**डा शोभाकर पराजुली**

**आज नेपालको राजनीतिक वा हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको प्रारम्भिक चेतना र आधारस्तम्भ द्वारिकादेवीहरू नै हुन् । जीवनको उत्तरार्द्धमा पारिवारिक एकलपन र पार्टीभित्रको कोपभाजनमा परेर उनी विरक्त भइन् र त्यस्तैमा देहत्याग गरिन् ।**

विसं २०१६ जेठ १६ गते बुधवारको तत्कालीन गोरखापत्र दैनिकले आफ्नो पहिलो पृष्ठमा शीर्षकमा समाचार छाप्यो । त्यसको मुख्य शीर्षक थियो– 'नेपालको पहिलो निर्वाचित मन्त्रिमण्डल सङ्गठित ।' अनि त्यसमा उपशीर्षकहरू राखिएका थिए– 'प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, उपप्रधानमन्त्री सुवर्णशमशेर र उपमन्त्री पदमा महिला पनि ।'

त्यो उपशीर्षकमा 'महिला पनि' भनिएकी व्यक्ति द्वारिकादेवी ठकुरानी थिइन् । पहिलो जननिर्वाचित मन्त्रिमण्डलको नेतृत्व जननायक बिपी कोइरालाले गरेका थिए । त्यो मन्त्रिमण्डलमा बिपीले द्वारिकादेवी ठकुरानीलाई तत्कालीन 'स्वास्थ्य र स्वायत्त' मन्त्रालयको जिम्मेवारी दिएर उपमन्त्री बनाएका थिए ।

त्यति बेलाको समय नै त्यस्तै थियो, विश्वका कतिपय राष्ट्रहरूमा पनि महिलालाई मतदानको अधिकारसमेत थिएन । नेपाली समाजमा पनि महिलालाई पढ्न, लेख्नसमेत बन्देज गरिएको समयमा एउटा विकट ठाउँकी महिलालाई त्यो बेला बिपीले मन्त्रीसम्म बनाए । नेपाल मात्रै नभएर द्वारिकादेवी ठकुरानी सरकारमा पुग्ने दक्षिण एशियाकै पहिलो महिला थिइन् । देशमा प्रजातन्त्र स्थापनार्थ आफ्ना सबै निजी स्वार्थ त्यागेर द्वारिकादेवीहरू त्यो बेला क्रान्तिमा होमिए । त्यो पनि शिक्षा र चेतनाले पछि परेको नेपालको सुदूर पहाडको एउटा गाउँबाट ।

उनी डोटीको एउटा सम्पन्न ठकुरी कुलमा जन्मिएकी थिइन् । त्यो बेला धनीमानीहरू घरमैं गुरुहरू राखेर आफ्ना छोराछोरी पढाउने गर्थे । राणा शासनकालका बेला नेपालमा विद्यालयहरू खोल्ने र आम सर्वसाधारण नागरिकका छोराछारीले पढ्न लेख्न पाउने अधिकार थिएन । तथापि ब्राह्मण वा त्यस्तै उच्च कुल तथा हुनेखानेहरूले घरमैं गुरुहरू राख्थे । वा त्यस्तै सामाजिकरूपमा चलेका गुरुकुलहरूमा आफ्ना छोराछोरी पढाउँथे । त्यो बेलासम्म पनि नेपालमा छोरीहरूलाई पढाउनुपर्छ भन्ने मान्यता थिएन । तर द्वारिकादेवीका मातापिताहरूले भने घरमैं संस्कृतका विद्वान्हरू राखेर आफ्ना छोराछोरी पढाउने काम गरे । त्यही बेला द्वारिकादेवीले पनि गीता र महाभारतलगायतका ग्रन्थहरू पढिन् । आठ वर्षको उमेरमैं उनले गीता र महाभारतका पाठहरू कण्ठस्थ पारेकी थिइन् । घरपरिवार नै शिक्षित र सम्पन्न भएका कारण द्वारिकादेवीको कलिलो मस्तिष्कमैं राजनीति र चेतनायुक्त संस्कार हुर्किसकेको थियो । त्यसपछि किशोरावस्थामा उनको साथसङ्गत पनि त्यस्तै हुन पुग्यो । राजनीतिक परिवारमैं उनको विवाह भयो । त्यसले पनि उनलाई प्रजातन्त्रको लडाइँका लागि प्रेरित गरेको थियो ।

उनका बुबा खरिदार थिए । परिवार शिक्षा र चेतनाले सुसंस्कृत थियो । सुदूरपश्चिममा दलित तथा पिछडिएका समुदायलाई शिक्षा र राजनीतिक चेतना बढाउने काममा उल्लेख्य काम गरेका देखिन्छ । डोटी सुदूरपश्चिमको शिक्षा र राजनीति तथा प्रशासनिक केन्द्र पनि थियो । त्यहाँ विभिन्न क्षेत्रका मानिसहरू आउजाउ गरिरहन्थे । त्यही क्रममा उद्धवबहादुर चन्द र द्वारिकादेवीबीच प्रेम सम्बन्ध भयो र त्यो विवाहमा परिणत भयो ।

२००४ सालमैं उनको नेतृत्वमा डडेल्धुरामा हाइस्कूल स्थापना भएको थियो । त्यो बेला राणाशासनविरुद्ध विद्रोह चेतना बढिरहेको थियो र मानिसमा राजनीतिक चेतना बढ्न थालेको थियो । मुजफ्फरपुरमा बिपीसँग भेट भएपछि २००३ सालमैं पतिपत्नी दुवैले काङ्ग्रेसको सदस्यता लिएका थिए । यसरी उनीहरू प्रजातान्त्रिक आन्दोलनबाट पार्टी राजनीतिमा जोडिए । २००७ सालमा उनका पति उद्धवबहादुर चन्द जेल परे र ३२ दिनमा छुटे । २०१० सालमा उनको निधन भयो ।

आफैंमा त्यसरी पिछडिएको युगमा जन्मिएकी द्वारिकादेवी मात्रै समाजसेवा र राजनीति मात्रै गरिनन्, देशमा प्रजातन्त्र स्थापनाका लागि उनले अरू क्रान्तिकारी योद्धाजस्तै बन्कुद नै बोकेर लडाइँमा होमिएकी थिइन् । बिपी कोइरालाको एक आह्वानमा उनले आफ्ना परिवारले राखेका बन्दुकहरू क्रान्तिकारी लडाकूहरूलाई दिइन् । त्यतिमात्रै होइन, उनले भारतमा निर्वासित रहँदा पनि नेपालका 'मुक्ति सेना'लाई हतियार व्यवस्थापनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् । नेपाली काङ्ग्रेसले राणा र राजासँग लड्दा दुईपटक सशस्त्र क्रान्ति गरेको थियो । त्यो बेला २००९ सालमा नेपाल मुक्ति सेनाका लागि आफ्ना देवर केशबहादुर चन्दबाट बारबोर बन्दुक पनि द्वारिकाले मुक्ति सेनालाई दिएर सहयोग गरेकी थिइन् ।

२००७ सालमा प्रजातन्त्र आए पनि नेपालमा राणा र काङ्ग्रेस मिलेर बनेको अन्तरिम सरकार मात्रै थियो । त्यसैले नेपाली काङ्ग्रेसले आम चुनावको माग गरिरहेको थियो । तर दरबारले चुनाव गराउन चाहेको थिएन । त्यसपछि २०१४ सालतिर नेपाली काङ्ग्रेसले भद्र अवज्ञा आन्दोलन गरेको थियो । त्यसपछि बाध्य भएर राजाले आम चुनावको घोषणा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँछौं । साथै तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, वीरगंज, पर्सा**

| क्र.सं. | ऋणी (व्यक्ति)को नाम, थर | मिसिल नं. | ठेगाना | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | कर्जाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | साँवा | २०८१ असोज मसान्त सम्मको ब्याज रकम | जम्मा |
| १ | विश्वास इँटा उद्योग (प्रो विश्वासकुमार प्रजापति) | ५ | वीरगंज-१८ | कैलाशप्रसाद कुम्हाल | बेचन पण्डित | व्यापार कर्जा | १०००००० | १४५३०४९ | ११४५३०४९ |
| २ | सरीता माया कार्की | ६९७० | वीरगंज-१८ | रामबहादुर कार्की | चक्रबहादुर कार्की | सरल कृषि कर्जा | १२२३८४३ | ४२७७३ | १२६६६१६ |
| ३ | शशिधर क्षेत्री | १३१९७ | विन्दवासिनी-७ | दुर्गाबहादुर क्षेत्री | राजकुमार सिंह | व्यक्तिगत ओडी | ५००००० | १६४२७ | ५१६४२७ |
| ४ | दामोदरप्रसाद यादव | १०७६९ | हरपतगंज-३ | जयनारायण राउत अहिर | दरबारी राउत अहिर | घरायसी कर्जा | ३२५००० | १५१०३ | ३४०१०३ |
| ५ | आसमान राउत अहिर | ११६९६ | पर्सागढी-५, पचरुखी | गुदर राउत अहिर | लङ्टु राउत | घरायसी कर्जा | ३००००० | ८६४५ | ३०८६४५ |
| ६ | रिद्धिसिद्धि निर्माण (प्रो रामनिवासप्रसाद यादव) | ११६६७ | वीरगंज-२३, प्रसौनीबिर्ता | धेनुष राउत अहिर | झुटन यादव | जमानत दाबी | ४९१९८९० | १६६०१५ | ५०८५९०५ |
| ७ | राजेश्वर महतो कोइरी | ११८२५ | वीरगंज-१२ | दरोगा महतो कोइरी | रामलखन महतो कोईरी | व्यक्तिगत ओडी | ५००००० | ६९९८१ | ५६९९८१ |
| ८ | लालबुटीदेवी कुर्मिन | १०८४१ | रामगढवा-२ | पतिः हरेन्द्रप्रसाद कुर्मी | बुबाः हरिश्चन्द्र राउत कुर्मी | घरायसी कर्जा | १५०००० | ६८३१ | १५६८३१ |
| ९ | राजन निर्माण सेवा (प्रो जीतेन्द्रकुमार चौहान) | ११९४० | वसन्तपुर-६, पर्सा | चन्द्रिका महतो चाई | रामशरण महतो चाई | सरल ठेक्का कर्जा | १५००००० | १३२२०४ | १६३२२०४ |
| १० | विश्वनाथप्रसाद नेपाली | १२९४२ | पर्सागढी-८, हरपुर | लक्ष्मी साह तेली | शिवनन्दन साह तेली | व्यक्तिगत ओडी | २०६८०० | २००१० | २२६८१० |
| ११ | वृन्दावन मिठाइ पसल (प्रो ताराचन्द साह गोढ) | १२९५७ | वीरगंज-१६, नगवा | गोपाल साह गोढ | महादेव साह गोढ | व्यापार कर्जा | ५००००० | ६८४५० | ५६८४५० |
| १२ | गिरजालाल हजरा दुसाद | १२९७६ | वीरगंज-२, छपकैया | जदो हजरा | कुबर हजरा | व्यक्तिगत ओडी | १०००००० | ६९५४३ | १०६९५४३ |
| १३ | ओम फुटवेयर इन्डस्ट्रिज (प्रो ओमप्रकाश महतो) | १३००२ | वीरगंज-११ | जगरनाथ महतो | जफसी महतो | व्यापार कर्जा | ३४००००० | ४१२४६४ | ३८१२४६४ |
| १४ | विवेक मत्स्यपालन उद्योग (प्रो व्यासप्रसाद यादव) | १३०२५ | वीरगंज-२२, मनियारी | जङ्गबहादुर राउत | सुब्बा राउत | माछापालन कर्जा | २३००००० | २३१५३६ | २५३१५३६ |
| १५ | सुरज होटल (प्रो जङ्ग साह कानू) | १३०५२ | वीरगंज-२० | भगवान साह कानू | आश्रय साह कानू | व्यापार कर्जा | ८००००० | ४५१०९ | ८४५१०९ |
| १६ | एनबी सन्स सिलाइ उद्योग (प्रो नुर आलम) | १३१२८ | वीरगंज-२, छपकैया | जलालुद्दीन | मन्सुर अली | उद्योग कर्जा | १०००००० | ९३७१७ | १०९३७१७ |
| १७ | शिवदानी कन्स्ट्रक्सन (प्रो सन्तोष पटेल) | ० | धोबिनी-२ | हरिन्द्रप्रसाद कुर्मी | बैजनाथ राउत कुर्मी | जमानत दाबी | ७७९५३२ | ३४०१९ | ८१३५५१ |
| १८ | रामकृष्ण पशुपालन फर्म (प्रो कुमोद यादव) | १३१६० | बहुदरमाई-२ | रामप्रसाद यादव | राधा राउत | सहुलियत कर्जा | ३२००००० | ३५०८३० | ३५५०८३० |
| १९ | रिजान ट्रेड कन्सर्न (प्रो गोपालप्रसाद चौधरी) | १३२२६ | वीरगंज-१६, नगवा | हरिप्रसाद थारू | बनु महतो थारू | व्यापार कर्जा | १०००००० | ६९८१२ | १०६९८१२ |
| २० | नरेन्द्रप्रसाद यादव | १३२५७ | पर्सागढी-४, विरुवागुठी | जगरनाथ राउत अहिर | रुदल राउत अहिर | सरल कृषि कर्जा | ६००००० | ५१७९८ | ६५१७९८ |
| २१ | वीरगंज गोल्डन गेट एकेडेमी प्रा. लि. (प्रो शेख अजहर) | १३२७१ | वीरगंज-१५, मुर्ली | शेख मो वासी अख्तर | शेख मुजिबुर रहमान | सेवा कर्जा | ३३००००० | ३६२४९५ | ३६६२४९५ |
| २२ | जेके निर्माण (प्रो जवाहिर महरा चमार) | ११७५३ | वीरगंज-३२, चोर्नी | तुलसी महरा | दशैं महरा चमार | संस्थागत ओडी | १०००००० | ३९५४४ | १०३९५४४ |
| २३ | त्रिशक्ति एग्रो कृषि फर्म (प्रो रीना यादव) | १३३४३ | पोखरिया-२, लम्हरिया | विश्वेश्वरप्रसाद यादव | भागीरथप्रसाद यादव | सहुलियत कर्जा | ४९९१४०४ | २५८७०९ | ५२५०११३ |
| २४ | ओम हार्डवेयर तथा हैन्डपम्प सप्लायर्स (प्रो सत्यप्रकाश महतो) | १३००२ | वीरगंज-११ | ओमप्रकाश महतो | जगरनाथ महतो | व्यापार कर्जा | ५९५०००० | ११२८७५१ | ७०७८७५१ |
| २५ | नेपाल न्यू वेल्डिङ रिपेरिङ वर्कशप (प्रो अनवर देवान) | १३३४४ | जयमङ्गलापुर-८/वीरगंज-१६ | इजराइल देवान | भुलन देवान | व्यापार कर्जा | १४३९८९८ | ६८१५० | १५०८०४८ |
| २६ | वेदप्रकाश कुशवाहा | १३४०३ | भेडिहारी-१ | इन्दुभूषणप्रसाद कुशवाहा | नथुनीप्रसाद कुशवाहा | अटो लोन | २१३८६३६ | ३३७५७ | २१७२३९३ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, पोखरिया, पर्सा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनिरुद्रप्रसाद कुर्मी | ४९४९ | लङ्डी-१ | लालबहादुर प्रसाद | ठाकुरप्रसाद कुर्मी | सरल कृषि कर्जा | २००००० | ८०७२ | २०८०७२ |
| २ | सूर्यमुखी अहिरिन | ५३३२ | शिबर्वा-५ | वीरबहादुर राउत | बालदेव राउत | सरल कृषि कर्जा | १०००००० | ७३६१७ | १०७३६१७ |
| ३ | रामबाबूप्रसाद कुर्मी | | धोबिनी-१ | सत्यनारायणप्रसाद कुर्मी | ब्रह्मदेव राउत | सरल कृषि कर्जा | १०००००० | ३९८५६ | १०३९८५६ |
| ४ | अवध मिश्र | | हरिहरपुर बिर्ता-२ | बह्मदेव मिश्र | मानवीर मिश्र | घरायसी कर्जा | ३५०००० | ७४७५८ | ४२४७५८ |
| ५ | गोपाल इन्टरप्राइजेज | ५३९७ | मिर्जापुर-९ | ठग साह तेली | गणेश साह तेली | व्यापार कर्जा | ५००००० | ७८३३५ | ५७८३३५ |
| ६ | निरञ्जन मोटरसाइकल वर्कशप | ५७६० | कालिकामाई-३ | बाबुलाल गिरी | लीलाधर गिरी | व्यापार कर्जा | १३००००० | १७६५७४ | १४७६५७४ |
| ७ | नवाज सेलर मिल | | धोबिनी-४ | नाथु मियाँ तेली | हुसेनी मियाँ तेली | उद्योग कर्जा | ८००००० | ५५८२६७ | १३५८२६७ |
| ८ | रमेशप्रसाद चौरसिया | ३१६१ | मुडली-४ | चेतमन राउत बरई | देवनारायण राउत बरई | घरायसी कर्जा | २५०००० | १४४४९६ | ३९४४९६ |
| ९ | सादिया कृषि फर्म | ५८५१ | पोखरिया-९ | समसुल हक मियाँ | रुदल मियाँ | माछापालन कर्जा | २०००००० | १३२५६४ | २१३२५६४ |
| १० | आशिष खाद्यान्न भण्डार | ५३७४ | मुडली-४ | वीरेन्द्र साह तेली | दरोगा साह तेली | व्यापार कर्जा | ५००००० | २५४४७ | ५२५४४७ |
| ११ | रमेशप्रसाद चौहान | ५२५६ | विन्दवासिनी-२ | महन्त महतो | सोहन महतो | व्यापार कर्जा | २००००० | ९५११ | २०९५११ |
| १२ | वासुदेव साह तुरहा | ४९०२ | शिबर्वा-६ | मनराज साह तुरहा | सुखल साह तुरहा | घरायसी कर्जा | ५००००० | १८८३६ | ५१८८३६ |
| १३ | रेशमा पशुपालन | ५५६३ | जयमङ्गलापुर-८ | हुसनैरा परवीन | आसमहमद देवान | पशुपक्षीपालन कर्जा | ६५०००० | ८१८६० | ७३१८६० |
| १४ | आरुषी किरानापसल | ५३७८ | मुडली-९ | बाबुलाल राउत बरई | सुकदेव राउत | व्यापार कर्जा | ५००००० | ४६९५६ | ५४६९५६ |
| १५ | श्री विश्वकर्मा टेन्ट हाउस | ५८०२ | श्रीसिया | देवानी ठाकुर लोहार | भोला ठाकुर लोहार | सेवा कर्जा | ५००००० | ३२१६८ | ५३२१६८ |
| १६ | नारायण एकीकृत कृषि फर्म | ५७९८ | बैरियाबिर्ता | रामलाल राउत अहिर | रूधा राउत अहिर | पशुपक्षीपालन कर्जा | १९००००० | ९७४०० | १९९७४०० |
| १७ | कालिकामाई फर्निचर उद्योग | ५८३९ | कालिकामाई-१ | महेन्द्र राउत बिन | मुसर मुखिया बिन | व्यापार कर्जा | १०००००० | २०६८४० | १२०६८४० |
| १८ | सन्दीप एन्ड आकाश स्टोर | ५७४२ | विन्दवासिनी-५ | भैरी साह तेली | सुखल साह | ब्यापार कर्जा | ७००००० | ५५८३६ | ७५५८३६ |
| १९ | न्यू मारूफ फैन्सी स्टोर | ५५५६ | पोखरिया-४ | लालमहमद मियाँ | हाकिम मियाँ | ब्यापार कर्जा | १८००००० | १८६१६७ | १९८६१६७ |
| २० | खुश्बु एन्ड रागिनी स्टोर्स | ५६१७ | पोखरिया-९ | बन्का साह कानू | सत्यनारायण साह | ब्यापार कर्जा | १०००००० | १५१५४१ | ११५१५४१ |
| २१ | अनु होटल | ५७२७ | पोखरिया-४ | ठग राउत कमकर | भिखम राउत कमकर | ब्यापार कर्जा | ५००००० | ३२५६२ | ५३२५६२ |
| २२ | मलङ्ग बाबा बीजभण्डार | ४९२१ | पोखरिया-९ | भिखारी महतो | रघुवीर महतो | ब्यापार कर्जा | १५००००० | ६०७६१ | १५६०७६१ |
| २३ | रामएकबाल प्रसाद कानू | ४८११ | गम्हरिया-१ | धरिचन साह कानू | रामखेलावन साह | ब्यापार कर्जा | २००००० | ७४३५ | २०७४३५ |
| २४ | शिवसागर गल्ला भण्डार | ५२७४ | पकाहामैनपुर-९ | गुदारी राउत कुर्मी | गही राउत कुर्मि | ब्यापार कर्जा | ६००००० | ४८६७७ | ६४८६७७ |
| २५ | सुदेश गल्ला किराना भण्डार | ५२८५ | विन्दवासिनी-८ | श्रीचन्द्र यादव | रामप्रसाद यादव | ब्यापार कर्जा | ५००००० | २५५३५ | ५२५५३५ |
| २६ | सुरज एवं नीरज मिष्ठान भण्डार | ५५६४ | पोखरिया-२ | ठाकुर साह कानू | सुबदार साह | ब्यापार कर्जा | ४५०००० | ३६२८४ | ४८६२८४ |
| २७ | विनय इँटा उद्योग | ५७०७ | सबैठवा-५ | जग महरा | दुगुर महरा | उद्योग कर्जा | ३५००००० | १९३८८५ | ३६९३८८५ |
| २८ | कोशिल्या कुर्मिन | १७०९ | बिरञ्चीबर्वा-९ | मथुरा राउत | झमन राउत कुर्मी | घरायसी कर्जा | ६००००० | ३६३८८ | ६३६३८८ |
| २९ | प्रकाश गल्ला किराना भण्डार | ५००३ | बिरञ्चीबर्वा-१ | बन्का प्रसाद | धरबारी प्रसाद | ब्यापार कर्जा | ३०००००० | ४१६५४७ | ३४१६५४७ |
| ३० | साजिद ट्रेडर्स | ५६६९ | पोखरिया-२ | सदिक मियाँ | मान्सी मियाँ | ब्यापार कर्जा | ७००००० | ३७४७० | ७३७४७० |
| ३१ | चन्दन एन्ड हरिओम कन्स्ट्रक्सन | ५७६४ | पोखरिया-३ | चन्द्रिका महतो | बिगा महतो | ब्यापार कर्जा | ६००००० | ६१६४० | ६६१६४० |
| ३२ | विशाल इँटा उद्योग | ५७५८ | हसवा | मखुलाल राउत अहिर | मनगनी राउत अहिर | ब्यापार कर्जा | २७५०००० | २३३९६२ | २९८३९६२ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, सखुवाप्रसौनी, पर्सा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चन्दादेवी थरुनी | ४८४७ | जीराभवानी-३ | राजदेव महतो | पलट दास थारू | सरल कृषि कर्जा | ७५०००० | ३०९५३ | ७८०९५३ |
| २ | श्री महतो एग्रो सिड सेन्टर (प्रो दीपनारायण महतो) | ४६१७ | भौराटार-२, पर्सा | रामाशिषप्रसाद नुनिया | दुखी महतो नुनिया | ब्यापार कर्जा | १,८३३,४५३ | ९१७१८ | १,९२५,१७० |
| ३ | नन्दलाल बहुउद्देश्यीय कृषि फर्म (प्रो नन्दलाल राउत अहिर) | ५०२० | जीराभवानी-५ | रामचन्द्र राउत | बजडी राउत अहिर | कृषि तथा पशुपक्षी | १८३०००० | ७३७२४ | १९०३७२४ |
| ४ | लक्ष्मण राउत कुर्मी | ४७६३ | जगरनाथपुर-२ | मन्सी राउत | जुगेश्वर राउत कुर्मी | सरल कृषि कर्जा | १८७०३६९ | २०३१९९ | २०७३५६८ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय श्रीपुर, पर्सा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रमरतिया चमैन | १५०६३ | बगही-४ | साधु महरा चमार | बिसुन महरा चमार | सरल कृषि कर्जा | ५०१०८२ | ३७२२५ | ५३८३०७ |
| २ | जगरनाथ महतो | ११३०३ | बगही-२ | शिवप्रसाद महतो | सुखी महतो | घरायसी कर्जा | २६०००० | ११५०६ | २७१५०६ |
| ३ | छठियादेवी धानुक | १५००२ | वीरगंज | जयराम महतो धानुक | पथल महतो धानुक | सरल कृषि कर्जा | ७००००० | १४०५० | ७१४०५० |
| ४ | वीरेन्द्रकुमार मुखिया | ११५३५ | बहुअर्वाभाठा-३ | ठग पासवान बिन्द | लालधर मुखिया | आवास कर्जा | १०००००० | १६९१० | १०१६९१० |
| ५ | शिवम् पशुपक्षी फर्म (प्रो अरविन्दप्रसाद कुर्मी) | १४०२८ | बहुदरमाई-२ | नन्दकिशोरप्रसाद कुर्मी | दीपनारायणप्रसाद कुर्मी | पशुपक्षीपालन कर्जा | १०३३३३४ | ३००४१ | १०६३३७४ |
| ६ | जय माँ सरस्वती गाईभैंसी फर्म (प्रो कृष्ण साह तेली) | १४०७७ | वीरगंज-२२ | इनरदेव साह तेली | जङ्गी साह तेली | सहुलियतपूर्ण कर्जा | १८००००० | १०६८८० | १९०६८८० |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज

# नेपाल र भारतबीच फूटबल, चलचित्र जस्तै

विश्व कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पाले गत वसन्त ऋतुमा सगरमाथाको चुचुरोमा नेपाली राष्ट्रिय फूटबल टीमकी गोलकीपर एन्जिला तुम्बापो सुब्बाको तस्बिर अङ्कित टिसर्ट प्रदर्शन गरेका थिए। गोलकीपर सुब्बाको जीवनीमा आधारित 'एन्जिला' नामक चलचित्रको प्रवर्द्धनका सिलसिलामा उक्त टिसर्ट सगरमाथा लगिएको थियो। आगामी माघ ११ गतेदेखि सार्वजनिक हुने उक्त चलचित्रमा प्रसिद्ध अभिनेता दयाहाङ राईलगायतका कलाकारसँग गोलकीपर सुब्बाले मुख्य पात्र बनेर अभिनय गरेकी छन्। चलचित्रको पोस्टरमा गोलकीपर सुब्बाले बल समाइरहेको तस्बिर छापिएको छ।

हिजो काठमाडौंको दशरथ रङ्गशालामा उनै गोलकीपर सुब्बा कप्तान रहेको नेपाली राष्ट्रिय महिला फूटबल टीमले भारतसँग खेलेको सातौं महिला साफ चयाम्पियनशिप फूटबल प्रतियोगिताको सेमिफाइनल खेल कुनै चलचित्र प्रदर्शनभन्दा कम भएन। खेलमा प्रतिस्पर्धा, तनाव, विवादास्पद अवस्था, रोमाञ्चकारी क्षण तथा सुखद अनुभूतिजस्ता अनुभव दर्शकहरूले गरेका थिए। राति अबेरसम्म फूटबल प्रतियोगिता हेरेपछि नेपाल राष्ट्रिय आधारभूत विद्यालयबाट अवकाशप्राप्त पूर्वप्रधानाध्यापक दीपक कपालीले नेपाल र भारतबीचको फूटबल प्रतियोगिता कुनै चलचित्र हेरेजस्तै रोमाञ्चकारी लागेको टिप्पणी गरेका छन्।

लिग चरणमा समूह विजेता बनेपछि चिरप्रतिस्पर्धी भारतसँगको प्रतिस्पर्धालाई नेपाली दर्शकहरूले निकै महत्त्व दिएका थिए। घरेलु मैदानमा हजारौं नेपाली फूटबलप्रेमीहरूको उपस्थितिमा खेल्न पाउनु नेपाली फूटबल खेलाडीहरूका लागि महत्त्वपूर्ण अवसर थियो। नेपाली राष्ट्रिय महिला टीमका प्रशिक्षक राजेन्द्र तामाङले सन् २०२२ मैं भारतलाई नेपालले हराए पनि प्रतिस्पर्धीसँग सतर्क भएर खेल्नुपर्ने बताएका थिए। उनी नेपालको टीममा दक्षिण तथा मध्य एशियाकै उत्कृष्ट स्ट्राइकर भएकामा ढुक्क थिए। भारतीय प्रशिक्षक सन्तोषकुमार कश्यप भने सधैं खाली रङ्गशालामा खेल्ने गरेका महिला खेलाडीहरूले आज भरिभराउ रङ्गशालामा खेल्न पाएकामा खुशी देखिन्थे। विगतमा महिला फूटबल प्रतियोगिताहरूमा दर्शकहरूको उपस्थिति कमै हुने गरेको थियो। तर करीब १५ हजार दर्शक क्षमताको दशरथ रङ्गशाला हिजो खचाखच भरिएको थियो। यसबाहेक टेलिभिजन प्रसारण तथा सामाजिक माध्यम युट्युबका माध्यमबाट पनि लाखौं फूटबलप्रेमीहरूले यो खेल हेरेका थिए।

महिला साफ च्याम्पियनशिप फूटबल प्रतियोगिता पाँचपटक जितिसकेको भारत तथा उक्त प्रतियोगितामा पाँचपटक नै उपविजेता बनेको नेपालबीचको हिजोको फूटबल खेल पूर्वार्द्ध अवधिमा प्रतिस्पर्धात्मकरूपले अघि बढेको थियो। दुवै पक्षबाट गोल आफ्नो पक्षमा गर्ने प्रयास गरे तापनि सफलता भने मिलिरहेको थिएन। यस अवधिमा भारतीय खेलाडीहरूले बढी फल खेलेको देखिएको थियो।

**भुटानी रेफ्रीको निर्णय**

मध्यान्तरपछिको ५१औं मिनेटमा भुटानी रेफ्री ओम चोकीले नेपालकी स्ट्राइकर रेखा पौडेललाई दोहोरो पहेंलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट बाहिर निकालेपछि खेल तनावपूर्ण हुन शुरू भएको थियो। रेखा नेपाली फूटबल टीमकी पहिलो रोजाइकी स्ट्राइकर हुन्। यसपालिको प्रतियोगितामा उनले नेपाली खेलाडीहरूमध्ये सर्वाधिक सात गोल गरिसकेकी थिइन्। युएईमा क्लबमा आबद्ध भई व्यावसायिक खेल खेलिरहेकी उनलाई निकाल्ने रेफ्रीको निर्णयपछि दर्शकहरू आक्रोशित बनेका थिए। त्यसपछि रङ्गशालामा सुरक्षाकर्मीहरू बढाइएको थियो। स्ट्राइकर रेखा पौडेलले अब नेपालले बङ्गलादेशसँग खेल्ने फाइनल खेल गुमाउनेछिन्।

रेखालाई मैदानबाट निकालिएपछि खेल केही बेर अवरुद्ध बनेको थियो। १० खेलाडीमा सीमित नेपाली पक्षलाई ७२औं मिनेटमा भारतीय टीमकी सङ्गीता बासफोरले गोल गरेकी थिइन्। त्यसको लगत्तै नेपाली पक्षका तर्फबाट प्रीति राईले गोल गरे पनि रेफ्री ओम चोकीले मान्यता नदिएपछि खेल पुनः करीब एक घण्टा १५ मिनेट रोकिएको थियो। यस अघि दशरथ रङ्गशालामा यसरी लामो अवधिसम्म खेल रोकिएको उदाहरण छैन। जाडोयाममा रातिको समयमा लामो समयसम्म खेल रोकिए पनि फूटबलप्रेमीहरू आआफ्नो स्थानमा नै रहिरहेका थिए। रेफ्री चोकीले शुरूमा गोल भएको सङ्केत गरे तापनि सहायक रेफ्री र फोर्थ अफिसियलको सङ्केत अनुसार गोललाई मान्यता नदिएपछि विवाद बढेको थियो। नेपाली खेलाडीहरूले खेल्न नमानेपछि उनीहरूलाई मनाउन फूटबल पदाधिकारीहरूले धेरै प्रयास गरेका थिए। नेपाली टीमले खेल पुनः शुरू नगरे कारबाई गर्न सकिनेसम्मको जानकारी साफ च्याम्पियनशिपका सम्बन्धित अफिसियलहरूले दिएपछि नेपाली टीम पुनः खेल्न मन्जुर भएको नेपाली प्रशिक्षक राजेन्द्र तामाङले जानकारी दिएका छन्।

खेल पुनः सञ्चालन भएलगत्तै नेपाली स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा'ले गोल फर्काइ आफ्नो टीमलाई बराबरीको स्थितिमा लग्न सफल भएकी थिइन्। दक्षिण एशियाकै उत्कृष्ट स्ट्राइकरमध्ये मानिएकी उनले गोल गरेर मुलुकको शिर उँचो त बनाइन् तर गोल गरेको जोशमा मैदान बाहिर निस्किएर टिसर्ट खोलेकामा रेफ्री चोकीबाट पहेंलो कार्ड बेहोर्न बाध्य बनिन्। खेलको निर्धारित समयमा एक/एक गोल भई बराबरीमा टुङ्गिएपछि समय नथपेर गराइएको 'टाइब्रेकर'मा नेपालले भारतलाई दुई गोलका विरुद्ध चार गोलले पराजित गरी फाइनलको ढोका खोलेको थियो।

टाइब्रेकरका लागि दुवै पक्षले गोलकीपरसमेत परिवर्तन गरेका थिए। भर्खरै मैदान प्रवेश गरेकी नेपाली गोलकीपर अन्जना रानामगरले दुईवटा पेनाल्टी बचाएर मुलुकलाई जिताउन महत्त्वपूर्ण भूमिका निभाएकी थिइन्। साँझ ६ बजेर ३० मिनेट जाँदा शुरू भएको उक्त फूटबल तीन घण्टाभन्दा बढी चलेको थियो। खेल समाप्त हुँदा रातिको झन्डै १० बजिसक्दा पनि दर्शकहरू प्यारापिटको सिटबाट नउठेर नेपाली टीमको जीतमा खुसीयाली मनाइरहेका थिए।

**भुटानसँगको त्यो बराबरी**

सातौं साफ महिला च्याम्पियनमा नेपालको पहिलो खेल नै बिग्रेको थियो। विगतमा पराजित गर्दै आएको भुटानलाई कुनै गोल गर्न नसकी पराजित गर्न नसकेकोमा नेपाली टिमले आलोचना पनि बेहोर्नुपरेको थियो। नेपाललाई भुटानी टीम भारी साबित हुन पुगी लिग खेल गोलरहित अवस्थामैं टुङ्गिएको थियो। सो खेलमा नेपाली खेलाडीहरूले टीममा खेल नखेली व्यक्तिगत खेलेकाले गोलरहित खेल बेहोर्नुपरेको स्वयम् नेपाली टीमका प्रशिक्षक राजेन्द्र तामाङले पत्रकारहरूलाई बताएका थिए।

विगतको तुलनामा भुटानले खेलमा सुधार गर्दै गएको कुरामा कुनै शङ्का छैन तापनि नेपाल र भुटानबीचको खेलमा नेपाली खेलाडीहरू वास्तवमैं स्वार्थी भएको देखिएको थियो। प्रशिक्षक तामाङ खेलाडीहरू स्वयंले गोल बन्ने गरेर नायक बन्ने होडमा लागेको स्पष्ट पारेका थिए।

**गोलको वर्षा**

सातौं महिला साफ च्याम्पियनशिपको लिग चरणमा नेपालले माल्दिभ्सविरुद्धको खेलमा गोलको वर्षा नै गरेको थियो। नेपालले माल्दिभ्सलाई शून्यका विरुद्ध ११ गोलले पराजित गरेको थियो। रेखा पौडेलले पाँच गोल, प्रीति राईले तीन गोल तथा सविता रानामगर, अमिशा कार्की र अनीता केसीले एक/एक गोल गरेका थिए। खेलाडी रेखा पौडेल युएईमा व्यावसायिक फूटबल खेलिरहेको अवस्थामा राष्ट्रिय टीमबाट आबद्ध हुन स्वदेश फर्की टीममा सामेल भएकी थिइन्।

यस अघिका महिला साफ च्याम्पियनशिपका प्रतियोगिताहरूमा पनि नेपालले माल्दिभ्स, पाकिस्तान जस्ता देशलाई अत्यधिक गोल गरेको थियो। नेपालले लिग चरणमैं श्रीलङ्कालाई शून्यका विरुद्ध छ गोलले हराएको थियो। यस खेलमा रेखा पौडेलले दुई गोल गरेकी थिइन् भने सविता रानामगर, सावित्रा भण्डारी, अमीशा कार्की र रश्मिकुमारी घिसिङले एक/एक गोल गरी नेपाललाई लिगको समूह विजेताका रूपमा सेमिफाइनलमा प्रवेश गराउन योगदान गरेका थिए।

**भोकै तयारी**

यो प्रतियोगिताको सिलसिलामा आफू एक हप्ता रोएरै तनावमा बसेको नेपाली टीमकी अग्रपङ्क्तिकी खेलाडी सावित्रा भण्डारी 'साम्बा'ले बताएकी छन्। भुटानविरुद्धको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि टीमकी स्कोकर सावित्राको अनुपस्थितिलाई पनि कारण मानिएको थियो। उनी फ्रान्समा स्थानीय क्लबका तर्फबाट फ्रान्सेली लिग खेल्न गएकी थिइन्। उनले त्यहाँ पनि गोल गरेकी थिइन्। उनी फ्रान्सदेखि नेपालमा साफ च्याम्पियनशिप खेल्न आएकी थिइन्। माल्दिभ्सविरुद्धको खेलको अघिल्लो राति मात्र उनी काठमाडौं आइपुगेको अवस्थामा पनि उनलाई प्रशिक्षकले तयारी अवस्थामा राखेका थिए। दक्षिण एशियाकै उच्चकोटिकी स्कोरर मानिएकी साम्बाले सन् २०१६ को साफ च्याम्पियनशिपमा कुल १२ गोल गरेर प्रतियोगिताकै धेरै गोल गर्ने खेलाडी बन्न सफल भएकी थिइन्।

फ्रान्सबाट स्वदेश फर्कने क्रममा विमानमा खानेकुरा नखाएर जुस मात्र पिएर आएको अवस्थामा पनि प्रशिक्षक तामाङले साम्बालाई खेलको उत्तरार्द्ध अवस्थामा मैदानमा उतार्ने लक्ष्यले बेन्चमा राखेका थिए। तर नेपालका तर्फबाट माल्दिभ्सविरुद्ध मध्यान्तर अघि नै चार गोल भइसकेपछि उनलाई मैदानमा उतार्ने अवस्था आएन। भारतविरुद्धको महत्त्वपूर्ण खेलमा 'प्लेयर अफ दी म्याच'को उपाधि सावित्रा भण्डारीले पाएकी थिइन्। उनले दर्शकहरूको अपार मायाका कारण नै नेपाली महिला फूटबल टीमले सफलता प्राप्त गरेको धारणा व्यक्त गरेकी छन्।

अब बुधवार बङ्गलादेशविरुद्धको फाइनलमा सावित्रासहितका नेपाली महिला फूटबल टीमसँग आबद्ध खेलाडीहरूले साफ च्याम्पियनशिप उपाधि पहिलोपटक मुलुकलाई दिलाउन अझ उत्कृष्ट योगदान दिने अपेक्षा नेपाली फूटबलप्रेमीहरूले गरेका छन्। गत छैटौं महिला साफ च्याम्पियनशिपको फाइनलमा बङ्गलादेशसँग एक गोलका विरुद्ध तीन गोलले पराजय भोग्नुपरेको पीडा नेपाली महिला खेलाडीहरूले भुलेका छैनन्। (लेखक खेल पत्रकार हुन। रासस)

**विचार**



राजु सिलवाल

**विगतको तुलनामा भुटानले खेलमा सुधार गर्दै गएको कुरामा कुनै शङ्का छैन तापनि नेपाल र भुटानबीचको खेलमा नेपाली खेलाडीहरू वास्तवमैं स्वार्थी भएको देखिएको थियो। प्रशिक्षक तामाङ खेलाडीहरू स्वयंले गोल बन्ने गरेर नायक बन्ने होडमा लागेको स्पष्ट पारेका थिए।**



मकवानपुर जिल्लाको इन्द्रसरोवर नगरपालिका–३ मा पर्ने सिस्नेरी बजारमा कुलेखानी पानीको डचामले क्षति गर्दा सडक कटान गरेको छ भने सडकछेउका पसलहरू पनि बगाएको छ। अहिले सो क्षेत्र भएर आउजाउ गर्नसमेत समस्या हुने गरेको र पसलेहरू त्रिपाल टाँगेर पसल सञ्चालन गरिरहेका छन्। तस्वीरः राधेश्याम पटेल

## फरक समाचार

# ह्वाट्सएप र ह्वाट्सएप बिजनेसबीच के भिन्नता छ ?

जब तपाईं गूगल प्ले स्टोर वा एप्पल स्टोरमा ह्वाट्सएप खोज्नुहुन्छ भने त्यहाँ दुईवटा विकल्प देख्नुहुनेछ, ह्वाट्सएप र ह्वाट्सएप बिजनेस। धेरै मानिस कुन डाउनलोड गर्नेबारे अलमलमा पर्छन्। जबकि दुवै सन्देश पठाउन प्रयोग हुन्छ। तर दुवैका सुविधाहरू र प्रयोगमा थोरै फरक छ।




**ह्वाट्सएप**

**व्यक्तिगत प्रयोगको लागिः** ह्वाट्सएप मुख्यतया व्यक्तिगत प्रयोगको लागि डिजाइन गरिएको हो, तपाईंलाई च्याट गर्न, कल गर्न र साथीहरू र परिवारसँग फोटो र भिडियोहरू साझेदारी गर्न अनुमति दिन्छ।

**सीमित सुविधाहरूः** यसले क्याटलग वा स्वचालित सन्देश जस्ता विशेष व्यापार सुविधाहरू समावेश गर्दैन।

**प्रतिनम्बर एक खाताः** तपाईंले एउटा फोन नम्बरमा एकमात्र ह्वाट्सएप खाता मात्र प्रयोग गर्न सक्नुहुन्छ।

**ह्वाट्सएप बिजनेश**

**व्यावसायिक प्रयोगको लागिः** ह्वाट्सएप बिजनेश विशेषगरी साना व्यवसायहरूका लागि डिजाइन गरिएको हो, यसले ग्राहक सेवा ह्यान्डल गर्न, अर्डरहरू लिन र व्यवसाय प्रवर्द्धन गर्न अनुमति दिन्छ।

**व्यापार सुविधाहरूः** यसले व्यापारको लागि विभिन्न सुविधाहरू समावेश गर्छ जस्तैः क्याटलग, तपाईंले आफ्ना उत्पादन वा सेवाहरूको सूची सजिलैसँग ग्राहकहरूलाई देखाउन सक्नुहुन्छ।

**स्वचालित सन्देशहरूः** ग्राहकहरूलाई चाँडै जवाफ दिन स्वचालित सन्देशहरू पठाउँछ।

**लेबलः** सजिलो व्यवस्थापनको लागि लेबलसँग तपाईंको सम्पर्कहरू व्यवस्थित गर्छ।

**व्यापार प्रोफाइलः** तपाईंको व्यवसायको नाम, ठेगाना, वेबसाइट र व्यवसाय प्रोफाइल यसमा सिर्जना गर्न सकिन्छ।

ह्वाट्सएप र ह्वाट्सएप बिजनेशको लागि समान फोन नम्बर प्रयोग गर्न सक्नुहुन्छ।

कुन राम्रो ? दुईबीच छनोट गर्दा यदि तपाईं व्यक्तिगत प्रयोजनको लागि ह्वाट्सएप प्रयोग गर्दै हुनुहुन्छ भने यसले तपाईंका व्यक्तिगत आवश्यकताहरू पूरा गर्छ। यदि तपाईं सानो व्यवसायको व्यवस्थापन गर्न चाहनुहुन्छ र ग्राहकसँग थप व्यावसायिकरूपमा अन्तर्क्रिया गर्न चाहनुहुन्छ भने ह्वाट्सएप बिजनेशले थप सुविधाहरू प्रदान गर्छ, जुन अत्यधिक लाभदायक हुन सक्छ।

# दीपावलीमा आफ्नो पेटलाई खुशी राख्नुहोस्

चाडपर्वको मौसम नेपालीको घरदैलोमा आइपुगेको छ। मिठाइ, खाजा र प्रशस्त परिकार घरमा बनाइन्छ। यी परम्परागत व्यञ्जनहरूको मजा लिनको लागि यो सही समय हो तर यसबाट पाचनसम्बन्धी समस्या पनि हुन सक्छ।



फोर्टिस अस्पताल ग्रेटर नोएडाका ग्यास्ट्रोएन्टेरोलजी र हेपाटोलोजीका सल्लाहकार डा अपूर्व पाण्डेले चाडपर्वको समयमा तपाईंको पाचन प्रणालीलाई दुरुस्त राख्न सुझावहरू साझा गरेकी छन्।

**चिल्लो र मिठाइ सीमित खानुपर्छः** चाडपर्वको समयमा बनाइने मिठाइमा उच्च चिल्लो र चिनीयुक्त बढी हुन्छ। यसबाट मधुमेहरोगीहरू बच्नुपर्छ। बढी मिठाइ खाँदा पखाला र अपच निम्त्याउँछ। डा पाण्डेले पाचन असुविधाबाट बच्न मिठाइ र चिल्लो खानेकुरा नखान सुझाव दिएका छन्।

**मसलादार खानेकुराबाट बच्नुहोसः** विशेषगरी एसिड पेप्टिक डिसअर्डर भएका व्यक्तिहरूले मसलादार खानेकुरालाई बेवास्ता गर्नुपर्छ। किनभने यसबाट पेटमा जलन हुने, पेट दुखाइ र वाकवाकी जस्ता लक्षणहरू हुन सक्छन्। चाडपर्वको समयमा डिस्पेप्टिक लक्षणहरूको जोखिम कम गर्न हलुका खानेकुराहरू खानुपर्छ।

**हाइड्रेटेडः** व्यस्त जीवनशैलीमा हामी पानी कम पिउँछौं। पर्याप्त पानी, जुस र दही पिउनाले तपाईंलाई हाइड्रेटेड मात्र राख्दैन, कब्जियतबाट पनि बचाउँछ, तपाईंको पाचन प्रणाली सन्तुलनमा राख्छ र विषाक्त पदार्थहरूलाई बाहिर निकाल्न मदत गर्छ।

**हलुका खानाः** हलुका खानाहरू पेटमा सजिलै पच्छ र शरीरलाई स्वस्थ राख्छ। यस्ता खानेकुराले पेट फुल्ने, अपचजस्ता समस्या हुँदैन।

**निद्रा र व्यायामलाई प्राथमिकताः** चाडपर्वमा अबेर रातिसम्म जागा रहने हुँदा व्यायाम गर्न समय मिल्दैन। नियमित शारीरिक क्रियाकलाप जस्तै तेज हिंड्ने, दौड्ने वा साइकल चलाउँदा पाचन कार्यमा मदत गर्छ। चाडपर्वको समयमा सक्रिय रहँदा पेटले राम्रोसँग काम गर्न सक्छ।

**मद्यपान र धूमपान नगर्नेः** रक्सी र चुरोटले पेटमा जलन गराउँछ, त्यसैले पाचन प्रणालीलाई स्वस्थ राख्न यसको सेवन गर्नुहुँदैन। यसको सट्टा ताजा सलाद र फलफूलहरू उपभोगमा ध्यान दिनुपर्छ।

**धेरै नखानेः** धेरै मात्रामा खाएपछि पाचन प्रणालीलाई तनाव हुन्छ। त्यसैले दिनभरि थोरै–थोरै गरेर खानेकुरा खानुपर्छ।

**तनाव व्यवस्थापनः** बिदाको मौसममा यात्रा गर्ने, सामाजिक जमघट र अबेर रातिसम्म जागा रहँदा पाचन प्रणालीमा तनाव हुन्छ। तनावले पेटको ब्याक्टेरियल सन्तुलनलाई असर गर्छ, जसले ब्लोटिङ र पेटमा जलन जस्ता लक्षणहरू निम्त्याउँछ। यस्तो समयमा विश्राम गर्ने र तनाव कम लिनुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशका राष्ट्रपतिलाई अपदस्थ गर्न दबाब

ढाका, बङ्गलादेश, १२ कात्तिक/एएफपी

गत अगस्तमा अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनालाई हटाउन आन्दोलन गरेको समूहले बङ्गलादेशका राष्ट्रपति मोहम्मद शहाबुद्दीनलाई राजीनामा दिन दबाब परेको स्थानीय सञ्चारमाध्यमहरूले सोमवार जनाएका छन् ।



शपथग्रहण समारोहमा राष्ट्रपति मोहम्मद शहाबुद्दीन (बायाँ) । फाइल तस्वीरः एएफपी

'छुप्पु' भनेर चिनिने ७४ वर्षीय शहाबुद्दीन सन् २०२३ मा अपदस्थ पूर्वप्रधानमन्त्री हसिनाको अवामी लिगको बहुमत रहेको संसद्बाट निर्वाचित भएका थिए ।

यो पद संवैधानिक भएपनि उनको पदबाट हट्ने सम्भावनाले संवैधानिक शून्यताको डर पैदा गरेको छ ।

"राष्ट्रपतिलाई हटाउनेबारे कुनै पनि निर्णय राजनीतिक सहमतिका आधारमा हुनेछ," हसिनाको भारत पलायनसँगै घोषणा भएको राजीनामापछि बनेको अन्तरिम सरकारका प्रेस सल्लाहकार शफिकुल आलमले सोमवार भने ।

अन्तरिम सरकारको नेतृत्व नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले 'मुख्य सल्लाहकार'का रूपमा गरिरहेका छन् ।

सरकारका प्रवक्ता सैयदा रिजवाना हसनले शहाबुद्दीनलाई हटाउने विषयमा छलफल भइरहेको बताएकी छन् ।

हसनले आइतवार पत्रकारहरूसँग भनिन्, "क्रान्तिपछि बनेको सरकारले फासीवादी सरकारले छानेको राष्ट्रपतिलाई कायम राख्ने कि नराख्ने भन्ने विषयमा विचार गर्नुपर्छ ।"

"उहाँलाई हटाउनुपर्ने माग आन्दोलनको भावनासँग मेल नखाने दाबीका आधारमा आएको हो," उनले भनिन् ।

यसै महीनाको शुरूमा शहाबुद्दीनले हसिनाको राजीनामापत्र आफूले कहिल्यै नदेखेको बताएपछि चर्को विरोध भएको थियो ।

त्यसको केही समयपछि युनुसको सरकारमा कार्यरत विद्यार्थी नेता आसिफ नजरुलले उक्त टिप्पणी 'उहाँ (राष्ट्रपति) को शपथको उल्लङ्घन' भएको आरोप लगाएका थिए ।

गत हप्ता राष्ट्रपति भवन परिसरमा आक्रमण गर्न खोज्ने सयौंको भीडसँग प्रहरीबीच झडप हुँदा ३० जना अधिकारी र प्रदर्शनकारी घाइते भएका थिए । रासस

# लक्ष्य हासिल गर्न विश्वका देशहरूको योजना 'धेरै टाढा' -राष्ट्रसङ्घ

पेरिस, १२ कात्तिक/एएफपी

संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा पृथ्वीको तापक्रम वृद्धिबाट हुने उत्सर्जनमा २.६ प्रतिशतले मात्र कमी आउने बताएको छ ।

संयुक्त राष्ट्रसङ्घका जलवायु प्रमुख सिमोन स्टिएलले ग्लोबल वार्मिङलाई १.५ डिग्री सेल्सियसको सुरक्षित सीमासम्म सीमित गर्न यस दशकमा आवश्यक ४३ प्रतिशत कटौतीको नजीक विद्यमान प्रतिबद्धताले कहीं पनि काम नगरेको बताएका छन् ।

स्टिएलले भने, "प्रतिवेदनको निष्कर्ष स्पष्ट छ तर आश्चर्यजनक छैन । हालको राष्ट्रिय जलवायु योजनाहरू विश्वव्यापी तापलाई हरेक अर्थव्यवस्थालाई समस्याग्रस्त बनाउन र अर्बौंको सङ्ख्यामा रहेको वैश्विक जीवन र जीविकोपार्जनलाई बर्बाद गर्नबाट रोक्न आवश्यकभन्दा हजारौं माइल टाढा छन् ।"

अजरबैजानमा संयुक्त राष्ट्रसङ्घको कोप-२९ जलवायु शिखर सम्मेलन शुरू हुनुभन्दा केही हप्ता अघि र सन् २०२५ को शुरूमा सदस्य राष्ट्रहरूले आफ्नो अद्यावधिक चरणको राष्ट्रिय जलवायु योजना प्रस्तुत गर्ने तयारी गरिरहेका बेला यो निष्कर्ष आएको हो ।

स्टिएलले भने, "तापमान वृद्धिलाई बढावा दिने कार्बन डाइअक्साइड जस्ता हरितगृह ग्याँसहरूको उत्सर्जनलाई तत्काल कम गर्न साहसी योजनाहरू प्रस्तुत गर्नुपर्छ ।"

विद्यमान प्रतिज्ञा अनुसार सन् २०३० सम्ममा ५१.५ अर्ब टन कार्बन डाइअक्साइड र त्यसको बराबर पृथ्वीलाई उष्ण बनाउने अन्य ग्याँसमा छोड्नेछ ।

"यी स्तरहरूमा ग्रीनहाउस ग्याँस प्रदूषणले अपवादविना हरेक देशका लागि मानव र आर्थिक क्षतिको ग्यारेन्टी गर्नेछ," उनले भने ।

यो प्रतिवेदन 'अर्को वर्ष हरेक देशबाट धेरै साहसी नयाँ राष्ट्रिय जलवायु योजनाहरूको साथ अपर्याप्तताको युगको अन्त्य गर्दै अघि बढ्नुपर्छ," उनले थपे ।

संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युएनइपी)ले पनि बिहीवार सदस्य राष्ट्रहरूले के प्रतिज्ञा गरेका छन् र के हासिल गर्नैपर्छ भन्नेबीच खाडल सिर्जना हुने चेतावनी दिएको छ ।

सन् २०१५ मा करीब २०० राष्ट्रले हस्ताक्षर गरेको पेरिस सम्झौतामा विश्वव्यापी तापमान वृद्धिलाई पूर्वऔद्योगिक स्तरको तुलनामा दुई डिग्री सेल्सियसभन्दा तल राख्ने र सम्भव भएमा १.५ डिग्री सेल्सियसको सुरक्षित सीमा कायम राख्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

संयुक्त राष्ट्रसङ्घले गठन गरेको विज्ञका अनुसार तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म नियन्त्रण गर्ने ५० प्रतिशत सम्भावना हासिल गर्न सन् २०१९ को तुलनामा सन् २०३० सम्ममा विश्वव्यापी उत्सर्जन ४३ प्रतिशतले घट्नुपर्छ । रासस

# चुनावमा पराजय भोगे पनि तत्काल सरकारबाट नबाहिरिने जापानका प्रधानमन्त्रीको भनाइ

टोकियो, १२ कात्तिक/एएफपी

जापानका प्रधानमन्त्री शिगेरू इशिबाले मध्यावधि निर्वाचनमा आफ्नो गठबन्धनले अपेक्षित नतीजा नल्याए पनि सरकारको नेतृत्वमा रहिरहने प्रतिबद्धता जनाएका छन् ।

इशिबाले अक्टोबर १ मा पदभार ग्रहण गरेको केही दिनपछि अक्टुबर २७ का लागि निर्वाचनको घोषणा गरेका थिए ।

सन् १९५५ देखि जापानमा शासन गरिरहेको उनको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)का चुनावमा निकै कमजोर नतीजा देखिएको छ ।

एलडिपी नेतृत्वको गठबन्धनले बहुमत गुमाउने अनुमान गरिएसँगै इशिबाले 'राजनीतिक शून्यता' हुन नदिने बताउँदै सत्तामा रहिरहने प्रतिबद्धता जनाएका हुन् ।

"म जापान र जापानी जनताको रक्षा गर्दै आफ्नो कर्तव्य पूरा गर्न चाहन्छु," इशिबाले पत्रकारसँग भने ।

उनले भने, "सबैभन्दा ठूलो चुनावी कारक पार्टीका जिम्मेवार नेताको नै आर्थिक अनियमिततासँग जोडिएका मुद्दामा संलग्नता देखिनु र यसबाट जनतामा एलडिपीप्रति 'शङ्का, अविश्वास र क्रोध' सिर्जना हुनु नै रहेको बताइएको छ ।

"म पैसा र राजनीतिको विषयमा आधारभूत सुधार गर्नेछु," इशिबाले पत्रकारहरूसँग भने, "मतदाताहरूले पार्टीमाथि 'कठोर निर्णय' दिएका छन् ।"

राष्ट्रिय प्रसारक एनएचके र अन्य सञ्चारमाध्यमले सार्वजनिक गरेको एक्जिट पोल र नतीजाले एलडिपी र यसको कनिष्ठ गठबन्धन साझेदार कोमिइतोका लागि १५ वर्षयताकै सबैभन्दा खराब नतीजा देखाएपछि येनको मूल्य तीन महीनायताकै न्यून बिन्दुमा झरेको छ ।

जापानको संसद्को ४५६ सदस्यीय तल्लो सदनमा कम्तीमा २३३ सिट जित्ने इशिबाको घोषित लक्ष्य पूरा गर्न उनीहरू असफल हुने अनुमान निर्वाचन सर्वेक्षण नतीजाले यस अघि नै गरेका थिए ।

एनएचकेका अनुसार एलडिपीले १९१ सिट जितेको छ । सन् २०२१ को चुनावमा एलडिपीले २५९ र कोमेइतोले २४ सिट जितेका थिए । सोमवार साँझसम्म आधिकारिक परिणाम आउने अनुमान गरिएको छ ।

चुनाव अघि जापानी सञ्चारमाध्यमले यदि निर्वाचनमा एलडिपीले हार बेहोर्नुपरेमा इशिबाले पद छोड्ने र विश्वयुद्धपछिको समयमा जापानको सबैभन्दा छोटो सेवा गर्ने प्रधानमन्त्री बन्न सक्ने अनुमान गरेका थिए ।

एलडिपीको निर्वाचन समितिका प्रमुख तथा पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीका छोरा शिन्जिरो कोइजुमीले घोषित निर्वाचन परिणामसँगै राजीनामा दिएका छन् ।

विश्लेषकहरूका अनुसार अर्को कदम भनेको इशिबाले अब अल्पमतको सरकारको नेतृत्व गर्ने प्रयास गर्नेछन् किनभने विभाजित विपक्षीहरू सम्भवतः आफ्नै गठबन्धन बनाउन अक्षम देखिएका छन् ।

इशिबाले सोमवार दिएको प्रतिक्रियामा आफूले अहिले नै व्यापक गठबन्धन बनाउनेबारे विचार नगरेको बताएका छन् ।

युनिभर्सिटी अफ टोकियोका राजनीतिशास्त्रका प्राध्यापक यु उचियामाले एएफपीसँग भने, "पूर्वप्रधानमन्त्री शिन्जो आबेसँग आबद्ध सांसदहरू इशिबाको नेतृत्वप्रति उदासीन छन्, त्यसैले उनीहरूले बदला लिने मौकाको फाइदा लिन सक्छन् ।"

"एलडिपी सिट सङ्ख्या यतिधेरै कम भएको छ र यसले उनीहरूलाई पनि चोट परेको छ । त्यसैले उनीहरूले बदलाको भावभन्दा माथि उठेर तत्कालका लागि इशिबालाई समर्थन गर्न सक्छन् । उनीहरू यो आन्तरिक कलहको समय नभएको निर्क्योलमा पुग्न सक्छन्," उचियामाले भने । रासस



**पर्यटकीय नगरी बन्दीपुरः** पहाडकी रानी नामले परिचित तनहुँको पर्यटकीय नगरी बन्दीपुर । यस क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यस्थलका रूपमा रहेको छ । तस्बिरः कृष्ण न्यौपाने/रासस

## प्रजातन्त्रको ...

गरे । २०१५ सालमा नेपालमा पहिलोपटक आम चुनाव भयो र त्यसमा नेपाली काङ्ग्रेसले देशभरिका धेरै सिटमा चुनाव जित्यो । चुनाव जित्नेहरूमध्ये द्वारिकादेवी पनि एक थिइन् । विभिन्न राजनीतिक दलहरूले भाग लिएको त्यो निर्वाचनमा जनताले नेपाली काङ्ग्रेसलाई निकै लोकप्रिय मत दिएका थिए ।

बिपीका समकालीन नेता एनडी अर्थात् नारायणप्रसाद चटौतको २०१४ सालमा निधन भयो । सिमराबाट काठमाडौं आउने जहाज दुर्घटना भएर उनको निधन भएको थियो । उनकै स्थानमा २०१५ सालको आम निर्वाचनमा नेपाली काङ्ग्रेसले ६६ नम्बर निर्वाचन क्षेत्र डडेल्धुराबाट द्वारिकादेवीलाई उम्मेदवार बनायो । यो चुनावमा दरबारियाहरूले बुथ कब्जा गरेपछि दोस्रो चरणमा मतदान भएको थियो । यो मतदानमा संयुक्त प्रजातन्त्र पार्टीका उम्मेदवार लक्ष्मीदत्त भट्टलाई पराजित गरेर द्वारिकादेवी विजयी भएकी थिइन् । त्यो चुनाव देशभरका कुल १०९ सिटमा भएको थियो । तीमध्ये नेपाली काङ्ग्रेस ७४ सिट जितेर सबैभन्दा ठूलो पार्टी भएको थियो । त्यस बेला दरबार समर्थित राष्ट्रिय गोरखा परिषद्को १९, संयुक्त प्रजातन्त्र पार्टीको पाँच, नेपाल कम्युनिस्ट पार्टीको चार, आचार्य समूहको प्रजा परिषद्को दुई र अर्को मिश्र समूहको प्रजा परिषद्ले एक सिटमा जीत हासिल गरेको थियो । त्यो चुनावमा देशभरिबाट चारजना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । देशैभरि चुनावमा उम्मेदवार भएका सातजना महिलामध्ये द्वारिकादेवीले मात्रै फराकिलो मतान्तरले चुनाव जितेकी थिइन् ।

नेपाली काङ्ग्रेसको त्यो लोकप्रियता र स्पष्ट दुई तिहाइ बहुमत आएको देखेपछि दरबार आफैं तर्सिरहेको थियो । त्यसैले फेरि राजा महेन्द्रले सरकार गठनको आह्वान नै गरेनन् । काङ्ग्रेसको दबाबपछि राजाले सरकार गठनको आह्वान गरेका थिए । त्यस अघि नै द्वारिकादेवीको अध्यक्षतामा ललिता निवासमा बसेको बैठकले बिपी कोइरालालाई नेपाली काङ्ग्रेसको संसदीय दलको नेता र सुवर्णशमशेरलाई उपनेतामा चयन गरेको थियो । त्यसपछि कोइरालाको नेतृत्वमा सरकार गठन भयो । तर त्यसलाई पनि दरबारले धेरै टिक्न दिएन । समाजवादको लक्ष्यप्राप्तिमा बिपीको दूरदृष्टिबाट अत्तालिएको दरबारले जननिर्वाचित सरकारलाई दुई वर्ष नपुग्दै विघटन गरेर जननिर्वाचित प्रधानमन्त्री बिपीलगायत धेरै प्रजातान्त्रिक नेताहरूलाई जेल हाल्न थाले । २०१७ पुस १ गते राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएर आफैंले राजकाज चलाउन थाले ।

राजाको प्रत्यक्ष राजकाज अर्थात् पञ्चायती शासन चल्न थालेपछि नेपालका राजनीतिककर्मीहरू फेरि भारत निर्वासनमा जान थाले । कतिपयलाई राजाले जेल हालिसकेका थिए । त्यही क्रममा दरबारले द्वारिकादेवीलाई पनि पञ्चायतको समर्थन गर्न लोभलालच देखाउन थाले । उनका नजीकका मानिसहरूका अनुसार त्यो बेला राजाले द्वारिकादेवीलाई तिमी ठकुरीकी चेली पनि हो । उपप्रधानमन्त्री दिन्छु दरबारको पक्षमा लाग्नु भनेर भने तर उनले मानिनन् र बरु भारत निर्वासन नै रोजिन् । कलकत्ता प्रवासमा हुँदा नै उनलाई जयप्रकाश नारायणले द्वारिकादेवीलाई प्रजातन्त्रप्रतिको इमानदार नारी भनेर सम्मान गरेका थिए । यसबाट द्वारिकादेवी नेपाली राजनीति मात्रै होइन, विश्वस्तरीय राजनीतिक मञ्चमा पनि उत्तिकै चर्चित र सम्मानित व्यक्तित्व भइन् ।

त्योसँगै नेपाली काङ्ग्रेसले फेरि पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गर्‍यो । त्यो आन्दोलन सशस्त्र क्रान्तिमैं परिणत हुन पुग्यो । काङ्ग्रेसका नेताहरूले पञ्चायतविरुद्ध विभिन्न क्रान्तिका कार्यक्रम घोषणा गरे । त्यसै अनुसार ठाउँ अनि क्षेत्र तोकेर नेता तथा कार्यकर्ताहरूको जिम्मेवारी तोकियो । काङ्ग्रेसले आफ्ना निर्वाचित सांसदहरूलाई पनि विभिन्न जिम्मेवारी दिएको थियो । सोही अनुसार २०१९ सालमा निर्वासनमा रहेका नेपाली काङ्ग्रेसका सबै सांसदलाई आआफ्नो निर्वाचन क्षेत्रको पारितिर पर्ने भारतीय भूमिमैं रहेर नेपालमा चलिरहेको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग गर्न भनिएको थियो । पार्टीले सिमानामा बसेर क्रान्ति गर्नका लागि कार्यकर्ताहरूलाई हातहतियारसमेत दिएको थियो । पार्टीको निर्णय अनुसार द्वारिकादेवीहरूलाई पनि थ्रीनट थ्री राइफलसमेत अरू चारवटा हतियार पनि दिइएको थियो ।

यसरी द्वारिकादेवी समकालीन नेपाली राजनीतिको एउटा सशक्त नारी हस्ताक्षर मात्रै होइन, राजनीतिमा समावेशिताको सिद्धान्तलाई व्यावहारिकरूपमा सुरुआत गरिएको एक बलियो उदाहरण पनि थिइन् । आज नेपालको राजनीतिक वा हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको प्रारम्भिक चेतना र आधारस्तम्भ द्वारिकादेवीहरू नै हुन् । जीवनको उत्तरार्द्धमा पारिवारिक एकलपन र पार्टीभित्रको कोपभाजनमा परेर उनी विरक्त भइन् र त्यस्तैमा देहत्याग गरिन् । द्वारिकादेवीको जन्मजयन्तीको अवसरमा उनी र समकालीन क्रान्तियोद्धाहरूलाई हार्दिक श्रद्धासुमन ।

(लेखक राजनीतिक विश्लेषक हुन् । रासस)

## पर्साका ...

पाए," उनले भने, "पर्सा जिल्लाको अनुभव र सिकाइ अन्य ठाउँमा पनि काम लाग्ने विश्वास लिएको छु ।" प्रजिअ भुसालले आफ्नो कार्यकालमा पर्सा जिल्लामा शान्ति, सुरक्षा र अमनचयन कायम राख्न सफल भएको दाबी गरे ।

"मेरो १० महीने कार्यकालमा सबै क्षेत्रबाट सहयोग र हौसला प्राप्त गर्ने अवसर जुर्‍यो," उनले भने, "जिल्लामा रहेका सबै सरकारी निकायसँग हातेमालो गरेर अघि बढ्न पाइयो ।"

## आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – चोरभय |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – कान्तिक्षय | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – राज्यभय |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे





वर्षाले धान भिजेपछि सडकमा सुकाउँदै पर्साको जगरनाथपुर गाउँपालिकाको माधोपुरका एकजना गोलाभण्डारका सञ्चालक । तस्वीरः राधेश्याम पटेल

# पालिकाहरूमा कर्मचारी व्यवस्थापन हुँदै –मन्त्री गुप्ता

प्रस, वीरगंज, १२ कात्तिक/

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले स्थानीय तहहरूमा कर्मचारी पठाउने कार्य जारी रहेको बताएका छन् ।

उनले आफू मन्त्री भएसँगै मन्त्रालय अन्तर्गतका स्थानीय तहहरूमा कर्मचारी व्यवस्थापन कार्य गरिरहेको र बाँकी केही ठाउँमा चाँडै कर्मचारी व्यवस्थापन गर्ने बताए। उनले जिल्ला समन्वय समितिमा आवश्यक कर्मचारी र ५७ वटा जिल्लामा प्राविधिक जनशक्ति खटाइएको बताए। खाली रहेका केही नगर, गाउँपालिकामा कर्मचारी व्यवस्थापन गर्ने बताए ।

मन्त्री गुप्ताले एक दशकदेखि एउटै ठाउँमा काम गरिरहेका एक हजार २५८ जना कर्मचारीलगायतलाई विभिन्न स्थानमा सरुवा गरिएको बताए। उनले प्रशासनिक क्षेत्रको कामलाई व्यवस्थित र चुस्तदुरुस्त बनाउने बताए । भर्खरै बहाल भएका ३८औं ब्याचका अधिकृतहरूलाई पनि पालिकामा पठाउने



कार्य सम्पन्न भएको उनले बताए । विभिन्न पालिकाहरूमा निमित्तबाट प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन हुँदै आएकामा ती ठाउँमा पनि दरबन्दी अनुसारका कर्मचारी पठाउने कार्य भएको उनले बताए ।

उनले आफ्नो तीन महीने अवधिमा सङ्घीय निजामती कर्मचारीमाथिको छलफलले तीव्रता पाएको र आगामी संसदीय अधिवेशनबाट सो विधेयक पारित हुने बताए ।

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा–

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महीनासम्म कैद वा ३० हजारसम्म जरिवाना,
- दोस्रोपटकमा एक वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना,
- त्यसपछि हरेकपटक थप तीन महीनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कारबाहीबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## स्रोत नखुलेको रकमसहित भारतीय पक्राउ

प्रस, रौतहट, १२ कात्तिक/

स्रोत नखुलेको पाँच लाखसहित जिल्ला प्रहरी कार्यालय, रौतहटले एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

गौर नगरपालिका–२ महादेवपट्टिस्थित अस्थायी प्रहरी चौकीले सो परिमाणमा स्रोत नखुलेको रकमसहित भारत, मोतिहारी निवासी ४८ वर्षीय त्रिभुवन चौधरीलाई पक्राउ गरिएको जिप्रका, रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपककुमार रायले बताए । उनले नेपालबाट भारततर्फ साइकलमा जाँदै गरेका चौधरीलाई चेकजाँच गर्दा पाँच लाख रकम बरामद भएको प्रवक्ता रायले बताए ।




# खेलकूदको संसार

## नेपाल अमेरिकासँग तीन विकेटले पराजित

काठमाडौं, १२ कात्तिक/रासस

आइसिसी विश्वकप लिग–२ क्रिकेटमा नेपाल अमेरिकासँग पराजित भएको छ । अमेरिकाको डालसस्थित ग्रान्ड प्रेरी क्रिकेट रङ्गशालामा सम्पन्न खेलमा नेपाल अमेरिकासँग तीन विकेटले पराजित भएको हो । नेपालले दिएको २८७ रनको लक्ष्य पछ्याएको अमेरिकाले ४९ दशमलव चार ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।



अमेरिकाको लागि शयान जहाँजिगरले सर्वाधिक १०४ रनको योगदान दिए । उनले ९७ बलमा १२ चौका र चार छक्कासहित सर्वाधिक १०४ रनको शतकीय इनिङ खेलेका हुन् । त्यसैगरी, कप्तान मोनाङ्क पटेलले ७६ बलमा पाँच चौकासहित ६२ रनमा बनाए । हरमित सिंहले ४४ बलमा छ चौका र दुई छक्कासहित ५७ रन जोडे । शाड्ली भानले शाक्लीले २७, जसदीप सिंह र साइतेजा मुकामल्लाले समान ११ रन बनाए भने मिलिन्द कुमारले पाँच रन जोडे ।

नेपालका कुशल भुर्तेलले चार विकेट लिए भने सोमपाल कामीले दुई तथा ललित राजवंशीले एक विकेट लिए । त्यस अघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै २८६ रनको योगफल बनाएको थियो । नेपालका कप्तान रोहित पौडेलले ७५ बलमा आठ चौका र तीन छक्कासहित ९६ रनको इनिङ खेलेका थिए ।

त्यस्तै, ओपनर आसिफ शेख ५३ बलमा सात चौका र एक छक्कासहित ५२ तथा अनिल साहले ६२ बलमा पाँच चौकासहित ५६ रनमा आउट भए । त्यसैगरी, आरिफ शेख ३७, कुशल भुर्तेल ११, दीपेन्द्रसिंह ऐरी १३, गुलशन झा एक र सोमपाल कामी दुई रनमा आउट भए । अमेरिका नोस्थुश केन्जिगेले चार विकेट लिए भने हरमीत सिंह, शाड्ली भान शाक्ली र जसदीप सिंहले समान एक/एक विकेट लिए । नेपालले अब मङ्गलवार स्कटल्यान्डसँग खेल्नेछ । नेपाल लिग २ मा नौ खेलमा सात मा हार, एकमा जीत र एक खेलमा अङ्कविहीन हुँदै तीन अङ्कका साथ सातौं स्थानमा छ । अमेरिका १० खेलमा सातमा जीतसहित १४ अङ्कका साथ दोस्रो स्थानमा छ । क्यानडा १२ खेलमा १६ अङ्कका साथ शीर्ष स्थानमा छ ।

## एपेक्स कलेजका विद्यार्थीलाई अभिमुखीकरण

प्रस, परवानीपुर, १२ कात्तिक/

वीरगंजको एपेक्स म्यानेजमेन्ट कलेजका विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । सुदूरपश्चिमाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त एपेक्स म्यानेजमेन्ट कलेजले बिबिएमा भर्ना भएका विद्यार्थीहरूको लागि अभिमुखीकरण कार्यक्रम मकवानपुरको थाहा नगरपालिकास्थित टिस्टुङमा सम्पन्न गरेको हो ।

कार्यक्रम कलेज सञ्चालक समितिका अध्यक्ष डा दीपेन्द्रकुमार चौधरीको अध्यक्षता तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको व्यवस्थापन सङ्कायका डीन प्राडा पदमराज जोशीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा प्राडा जोशीले एपेक्स कलेजको यस वर्षको पहिलो ब्याच रहेको र एपेक्सले लिएको नीति अनुसार अगाडि बढ्दा उत्कृष्ट नतीजा दिन सक्ने विश्वास व्यक्त गरे । स्तरीय पठनपाठन, मर्यादित परीक्षा र सञ्चालक परिवर्तनरहित संस्था बनाउनसमेत उनले निर्देशन दिए ।

कलेजले गर्ने अतिरिक्त क्रियाकलाप, पठनपाठन तथा विद्यार्थीहरूको आचारसंहिता सम्बन्धमा कलेजका एकेडेमिक डायरेक्टर दर्शन केसीले



प्रस्तुती दिएका थिए ।

कार्यक्रममा कलेजका सञ्चालकहरू विनोदकुमार गुप्ता, सुरेश चौधरी, वीरगंज कलेजका कोअर्डिनेटर राजेश्वर चौधरी, कलेजका शिक्षकहरू कृष्ण पासवान, दीपेन्द्र कानू, जीतेन्द्र पटेल, कर्मचारीहरू समीक्षा श्रेष्ठ, रमानरेश यादव र बिबिए प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूको सहभागिता थियो । कलेजले यस वर्षदेखि सम्बन्धन प्राप्त गरेर बिबिए अध्यापन शुरू गरेको कलेजका अध्यक्ष चौधरीले जानकारी दिए ।

पहिलो ब्याचमैं विद्यार्थीहरूको उत्साहजनक भर्ना भएको र यसले कलेजको अध्ययन–अध्यापन गुणस्तरीय बनाउन थप हौसला प्राप्त भएको अध्यक्ष डा चौधरीले बताए ।

## गरीब परिवारलाई खाद्यान्न सहयोग




तस्वीरः सौजन्य

प्रस, वीरगंज, १२ कात्तिक/

रोटरी क्लब अफ वीरगंजले दीपावली तथा छठ पर्वको अवसरमा सखुवाप्रसौनी गाउँपालिका–१ सिद्धपुरमा रहेका अतिविपन्न मुसहर, उराव, कामी, दमाइ र तामाङ परिवारका ७५ जनालाई खाद्यान्न सहयोग गरेको छ ।

रोटरी क्लब अफ वीरगंजका अध्यक्ष निर्मल खत्रीको अध्यक्षतामा नेपाल राष्ट्रिय आधारभूत विद्यालय सिद्धपुरमा सोमवार कार्यक्रमको आयोजना गरी ७५ परिवारलाई प्रतिपरिवार दुई किलो चामल, पीठो, एक किलो दाल, आधा किलो मिठाइ, आधा लिटर खानेतेल, दियो, कपडालगायतका सामग्रीहरू उपलब्ध गराइएको थियो ।

शुभकामना कार्यक्रम आयोजना गरी उनीहरूलाई सो सामग्री प्रदान गरिएको हो । कार्यक्रममा राकेश मिश्र, श्वेता अग्रवाल, श्वेता गुप्ता, डा प्रेरणा झा, राजेन्द्र चौधरी, लालदेव महतो उरावलगायतको सहभागिता थियो ।

## जय नेपाल फाउन्डेशनको कार्यसमिति विस्तार



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १२ कात्तिक/

नेपाली काङ्ग्रेसको शुभेच्छुक संस्था जय नेपाल फाउन्डेशनको सोमवार सम्पन्न भेलाले पर्सा जिल्ला कार्यसमिति विस्तार गरेको छ ।

मनवर साह संयोजक रहेको जिल्ला कार्यसमिति पर्साका चारवटै निर्वाचन क्षेत्रमा क्रमशः विजेन्द्र चौरसिया, पृथ्वी आलोक, मुमताज देवान, जयनेपाल चौरसियालाई क्षेत्रीय संयोजकको जिम्मेवारी दिइएको छ ।

यसैगरी, महिला संयोजक मिन्टु देवी, सचिव सुदर्शन लामिछाने, सहसचिव इन्द्रासन यादव र कोषाध्यक्षमा सन्तोषीदेवी खतिवडालाई जिम्मेवारी दिइएको संयोजक साहले बताए । यसैगरी, प्रदेशसभा अन्तर्गत आठवटा संयोजकहरू क्रमशः प्रेम यादव, कुणाल महतो, चन्दन पटेल, आकाश गुप्ता, सुनील साह कानू रहेका छन् । जनजाति संयोजकमा नितेश चौधरी, प्रेस संयोजकमा क्रान्ति साह, राहुल गुप्ता रहेका छन् ।

भेलामा कार्यक्रमका प्रमुख अतिथि संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्यले देशको राजनीति अहिले निकै कठिन अवस्थाबाट गुज्रिरहेको भन्दै यसलाई पार लगाउने जिम्मेवारी नेकाको काँधमा रहेको बताए । फाउन्डेशनका संयोजक साहको अध्यक्षतामा भएको कार्यक्रममा शम्भु चौहान, सन्तोष गुप्ता, प्रमोद कुशवाहा, रोशन लामिछाने, सन्तोष सिंह, राकेश यादव, बाबूलाल पटेललगायतको सहभागिता थियो ।

## सरसफाई ...

छ । निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले अल्पकालीन आदेश खारेज भएको र अन्तरिम आदेश जारी नभएको कारण सरसफाइसम्बन्धी सम्झौता कार्यान्वयनमा बाटो खुलेको बताए ।

महानगर र कन्स्ट्रक्शन कम्पनीबीच सार्वजनिक–निजी साझेदारी कार्यक्रम अन्तर्गत ३२ वटै वडामा सफाइ गर्ने सम्झौता भदौ ११ गते भएको थियो ।